# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १२५ | काठमाडौं | आइतबार, ०९ भदौ २०८१ | Prabhab National Daily | Sunday, August 25, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# देशभर ९८ प्रतिशत रोपाइँ

- १३ लाख ७८ हजार ६११ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न
- सुदूरपश्चिम प्रदेशमा सतप्रतिशत नै रोपाइँ
- रासायनिक मलको सहज उपलब्धता र मनसुन सुखद रहेको कारण यस वर्ष रोपाइँ बढेको जानकारी
- धान उत्पादन १० प्रतिशतले बढ्ने प्रक्षेपण



■ **प्रगति ढकाल**

**काठमाडौं–** यस वर्ष धान रोपाइँका लागि मनसुन अनुकूल रहँदा ९८.५ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ । कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार अघिल्लो वर्ष ९४.६ प्रतिशतमा रोपाइँ सम्पन्न भएकामा यस वर्ष झण्डै चार प्रतिशत बिन्दुले रोपाइँ बढेको छ ।

मुलुकभर १३ लाख ९८ हजार ९८५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने क्षेत्रमध्ये १३ लाख ७८ हजार ६११ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार कोशी प्रदेशमा ९९.६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । कोशी प्रदेशमा करिब दुई लाख ७६ हजार ३८६ हेक्टर रोपाइँ हुने क्षेत्रफल रहेकामा हालसम्म दुई लाख ७५ हजार २६७ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो । अघिल्लो वर्ष भदौ ७ सम्म कोशी प्रदेशमा ९७.७ प्रतिशतमा रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

यसैगरी, मधेस प्रदेशमा ९७.३ प्रतिशतमा रोपाइँ सम्पन्न भएको मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका अनुसार यस प्रदेशमा तीन लाख ८६ हजार १५० हेक्टर रोपाइँ हुने क्षेत्र रहेकामा तीन लाख ७५ हजार ६१४ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांकमा उल्लेख गरिएको छ । अघिल्लो वर्ष मधेस प्रदेशमा ८९.२ प्रतिशतमा मात्रै रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

यसैगरी, बागमती प्रदेशमा यस वर्ष ९९.२ प्रतिशत रोपाइँ सम्पन्न भएको मन्त्रालयले जानकारी दिएको छ । तथ्यांकअनुसार बागमतीमा एक लाख १२ हजार २७३ हेक्टर खेतीयोग्य क्षेत्रफल रहेकामा एक लाख ११ हजार ३५१ क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । अघिल्लो वर्ष यस प्रदेशमा ९३.३ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो ।

यस वर्ष गण्डकी प्रदेशमा ९७.८ प्रतिशत रोपाइँ सम्पन्न भएको मन्त्रालयले जनाएको छ । यस प्रदेशमा धान रोपाइँ हुने क्षेत्रफल ९६ हजार ५३ रहेकामा ९३ हजार ९२१ क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो । अघिल्लो वर्ष गण्डकी प्रदेशमा ९५.३ प्रतिशतमा रोपाइँ सम्पन्न भएको थियो ।

यसैगरी, लुम्बिनी प्रदेशमा ९८.३ प्रतिशतमा यस वर्ष रोपाइँ सम्पन्न भएको तथ्यांक छ । मन्त्रालयका अनुसार यस प्रदेशमा तीन लाख ११ हजार ६४३ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहेकामा तीन लाख छ हजार ३७७ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । अघिल्लो वर्ष लुम्बिनी प्रदेशमा ९५ प्रतिशतमात्रै रोपाइँ भएको थियो ।

यसैगरी, कर्णाली प्रदेशमा यस वर्ष ९९.२ प्रतिशतमा रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । कर्णाली प्रदेशमा ४१ हजार ९०४ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहेकामा यस वर्ष ४१ हजार ५७८ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । अघिल्लो वर्ष ९८.५ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो ।

(**क्रमशः पृष्ठ २ मा**)

# टिआरसी विधेयकले सरोकारवालामा उत्साह

## माओवादी अध्यक्ष दाहाल भन्छन्– घाँटीको तरबार हट्यो

- विधेयक राष्ट्रपतिबाट प्रमाणीकरणको प्रक्रियामा
- प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएपछि कानुनको रूपमा लागू हुने
- चार वर्षमा न्यायिक प्रक्रियालाई टुंगोमा पुऱ्याउने सरकारको लक्ष्य



■ **जेबी योञ्जन**

**काठमाडौं–** संघीय संसद्को दुवै सदनले पारित गरेको संक्रमणकालीन न्यायसँग सम्बन्धित (टिआरसी) विधेयक राष्ट्रपतिबाट प्रमाणीकरणको प्रक्रियामा रहेको छ । प्रमाणीकरणको प्रक्रियामा अगाडि बढेसँगै प्रमुख सरोकारवाला पक्षहरू निकै उत्साहित देखिएका छन् । दशक लामो सशस्त्र द्वन्द्वका क्रममा भएको गम्भीर मानवअधिकार उल्लंघन घटनाका पीडितहरूलाई न्याय दिन ल्याइएको टिआरसी विधेयक प्रमाणीकरण भएपछिको चार वर्षमा न्यायिक प्रक्रियालाई टुंगोमा पुऱ्याउने सरकारले दाबी गरेको छ ।

शनिबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले अविलम्ब आयोगहरू गठन गरी चार वर्षभित्रै प्रक्रियालाई टुंग्याउने दाबी गरे । टिआरसीलाई टुंगोमा पुऱ्याउन सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्नुपर्छ । दुवै आयोगमा पदाधिकारी सिफारिस गर्न गठित सिफारिस समितिले पूर्णता पाउन अझै बाँकी छ । यहीबेला कानुनमन्त्री चौरसियाले भने चाँडै टिआरसी प्रक्रिया टुंगिने बताएका हुन् । तर, उनले आयोगमा पदाधिकारी सिफारिसका लागि खुला दरखास्त आह्वान गरी छनोट गर्नुपर्ने भएकाले केही समय लाग्ने बताएका छन् ।



> राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण हुन बाँकी छ । विधेयक प्रमाणीकरण भएपछि चार वर्षमै टिआरसी टुंग्याउने काम हुन्छ । सिफारिस समितिले पूर्णता पाउन केही दिन लाग्छ, समितिको सिफारिसअनुसार दुवै आयोगमा पदाधिकारी नियुक्त गरिने छ ।
>
> ■ **अजयकुमार चौरसिया**
> **कानुन, न्याय तथा संसदीय मामिलामन्त्री**

'सम्माननीय राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्न बाँकी छ । विधेयक प्रमाणीकरण भएपछि चार वर्षमै टिआरसी टुंग्याउने काम हुन्छ,' उनले भने, 'तर, सिफारिस समितिले पूर्णता पाउन केही दिन लाग्छ र समितिको सिफारिसअनुसार दुवै आयोगमा पदाधिकारी नियुक्त हुने छन् ।'

संसद्को माथिल्लो सदन राष्ट्रियसभाले बिहीबार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई सर्वसम्मतिले पारित गरेको छ । यसअघि ३० साउनमा संसद्को तल्लो सदन प्रतिनिधिसभाबाट उक्त विधेयक बहुमतले पारित भएको थियो ।

(**क्रमशः पृष्ठ ३ मा**)

## नेपाललाई सघाउन राष्ट्रसंघ तयार

**काठमाडौं (प्रस)–** संयुक्त राष्ट्रसंघले शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिने कार्यमा नेपाल सरकारलाई सहयोग गर्ने बताएको छ । राष्ट्रसंघले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई आवश्यक पर्ने ऐन, कानुन बनाउने (टिआरसी) विधेयक संघीय संसद्का दुवै सदनबाट पारित भएकामा स्वागत गरेको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्का उच्चायुक्त भोल्कर टर्कले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक नेपालका दुवै सदनबाट पारित भएकामा त्यसको स्वागत गर्दै विधेयकको कार्यान्वयन पीडितकेन्द्रित हुनुपर्नेमा जोड दिएका छन् । शान्ति सम्झौता भएको १८ वर्षपछि पारित भएको उक्त विधेयक नेपालमा दिगो शान्ति स्थापनामा कोशेढुंगा सावित हुने विश्वास व्यक्त गर्दै उनले सत्य निरूपण र मेलमिलापसम्बन्धी सबै मुद्दा निरूपण गर्न सहज हुने बताएका छन् ।

(**क्रमशः पृष्ठ ३ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

# साउनमा झण्डै ६० हजार नेपाली श्रमिक विदेसिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो महिना अर्थात् साउनमा वैदेशिक रोजगारीका लागि झण्डै ६० हजार नेपाली श्रमिक विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार साउन महिनामा ५९ हजार ५७५ जना नेपाली नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् । विभागको तथ्यांकअनुसार साउनमा विदेसिने नेपालीहरूको संख्या गत आवको अन्तिम महिना असारको भन्दा केही वृद्धि भएको छ । असारमा ५८ हजार ७३६ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए ।

| धेरै श्रमिक गएका मुलुक | |
|---|---|
| युएई | १७,५४१ |
| साउदी | ११,८०९ |
| कतार | ११,७८५ |
| कुवेत | ४,६९५ |
| रोमानिया | २,२९८ |
| जापान | १,५७२ |
| मलेसिया | १,३४४ |
| क्रोएसिया | १,१३८ |
| माल्दिभ्स | ८७८ |
| कोरिया | ८१२ |




विभागको तथ्यांकअनुसार नेपाली युवाहरू ९३ वटा मुलुकमा श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । गत आवको अन्तिमसम्म पहिलो गन्तव्यको रूपमा रहेको संयुक्त अरब इमिरेट्स (युएई)ले चालु आवको सुरुआती महिनामा पनि पहिलो स्थान ओगटेको छ । विभागको तथ्यांकअनुसार युएईमा जानका लागि १७ हजार ५४१ जनाले श्रम स्वीकृति लिएका छन् । गत आवको पहिलो महिना यो संख्या ११ हजार ८७८ थियो ।

यस्तै साउन महिनामा रोजगारीका लागि साउदी अरेबिया जान ११ हजार ८०९ जनाले श्रम स्वीकृति लिएका छन् । संख्याको हिसावमा साउदी दोस्रो स्थानमा परेको छ । त्यसैगरी तेस्रो स्थानमा परेको कतारमा ११ हजार ७८५ जना श्रमिकले श्रम स्वीकृति लिएर रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । गत आवदेखि नै साउदी र कतार जाने नेपालीको संख्या हाराहारीमा रहेको विभागको तथ्यांकले देखाएको छ । यस्तै चौथो गन्तव्यमा कुवेत रहेको छ । कुवेतका लागि चार हजार ६९५ जना रोजगारीका लागि पुगेका छन् । यस्तै युरोपेली मुलुक रोमानिया पाँचौं स्थानमा परेको छ । जहाँ साउन महिनामा दुई हजार २९८ जना गएका छन् ।

यसअघि नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा रहेको मलेसियामा भने नगन्य मात्रामा श्रमिकले श्रम स्वीकृति लिएका छन् । मलेसिया सरकारले गत मे अन्तिमबाट विदेशी कामदार लिन बन्देज गरेसँगै त्यहाँ जाने नेपालीको संख्या घट्दै आएको छ । साउनमा मलेसियाका लागि श्रम स्वीकृति लिने एक हजार ३४४ जनामात्रै रहेका छन् । विभागको तथ्यांकलाई हेर्दा उल्लिखित मुलुकहरूले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत बढी) ओगटेको देखिन्छ ।

यसैगरी जापान एक हजार ५७२, क्रोएसिया एक हजार १३८, माल्दिभ्स जान ८७८, बहराइन ७९०, साइप्रस ७००, मोरिसस ५८९, जोर्डनका लागि ५२० र ओमान जान ४९० जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै साउन महिनामा इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या ८१२ मात्रै रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २२ हजार ६४७ जना छन् । पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३६ हजार ९२८ रहेको छ ।

चालु आवको पहिलो महिनामा श्रम स्वीकृति लिनेमध्ये आठ हजार १४५ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । साउन महिनामा वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या घटेको विभागको तथ्यांकले देखाएको छ ।

यसरी श्रम स्वकिृति लिएर जानेहरूमा उच्च दक्षता भएकादेखि अदक्ष श्रमिक रहेको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । साउन महिनामा उच्च दक्षता हासिल गरेका ८१ जना र पेसागत दक्षता भएका ३०९ जना नेपाली श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका छन् । वैदेशिक रोजगारीको क्रममा सबैभन्दा बढी दक्ष कामदार गएको विभागले जनाएको छ । यो संख्या ४२ हजार ६९४ रहेको छ । यस्तै अर्धदक्ष श्रमिकको रूपमा चार हजार ८०९ जना बाहिरिएका छन् भने ११ हजार ६८२ अदक्ष श्रमिक साउन महिनामा विदेसिएका छन् ।




# उद्धारपछि स्वदेशमै आत्मनिर्भर

■ सुशील दर्नाल

**काठमाडौं–** कुनै दिन उजेली तामाङलाई यस्तो लाग्थ्यो, विदेश गएपछि जत्ति पनि पैसा कमाउन सकिन्छ । नुवाकोटकी ४० वर्षीया उजेलीले गत साल विदेश जाने निर्णय गरिन् । तर, दलालले भारतहुँदै कुवेत पुऱ्याउँछु भनेर भारतको वेश्यालयमा पुऱ्यायो । 'घरमा श्रीमान् जहिल्यै रक्सीमात्रै खाने, केही काम पनि नगर्ने पैसा पनि नकमाउने । चारजना छोराछोरी पाल्न पनि गाह्रो भएको थियो, एकपटक म आफैं विदेश गएर पैसा कमाएर ल्याउँछु भन्ने सोचेर विदेश जान्छु भनिहालें । दलालले इन्डिया लगेर वेश्यालयमा पुऱ्यायो,' उनले सुनाइन् ।

आफन्तको सहयोगमा नेपाल फर्किएपछि भने उजेलीको जीवन फेरिएको छ । यहाँ आएपछि उनले ऋण लिएर कुखुरा फार्म खोलिन् । त्यसैबाट फेरियो उनको जीवन । अहिले कुखुरा बेचेर ऋण चुक्ता गरिसकेकी छन् । 'तीन महिना नर्कजस्तै ठाउँमा जीवन बिताउन बाध्य भएँ । अहिले यहाँ स्वर्गजस्तै लाग्छ । आफ्नै गाउँघरमा कुखुरा पालेर, खेती गरेर छोराछोरीलाई स्कुल पढाउन, खान लाउन पुगेको छ,' उजेलीले भनिन् । उजेलीका दुई छोरा कलेज र दुई छोरी स्कुलमा पढिरहेका छन् ।

नबुझी विदेश जान खोज्दा दलालको फन्दामा परेको उजुली बताउँछिन् । 'विदेश जाने भनेरमात्र नहुँदो रहेछ, आफू जान्ने बुझ्ने नभएपछि दलालको हातमा परिँदो रहेछ,' उनले भनिन् । दलालले ९० हजार रूपैयाँसमेत खाइदिएको उनको गुनासो छ ।

उजेलीले कुखुरा फार्म खोलेपछि उनका श्रीमान् पनि सुध्रिएका छन् । जाँडरक्सी खान छोडेका छन् । अहिले उनका श्रीमान् चिरञ्जीवि खेतबारीमा तरकारी खेती गर्नमै व्यस्त हुन्छन् । तरकारी बजारसम्म पुऱ्याउँछन् । 'अहिले त जे गरे पनि हामी बूढाबूढी सरसल्लाह गरेर मात्रै घरव्यवहार चलाउँछौं । अहिले श्रीमान्को साथ पाउँदा खुसी लाग्छ,' उजेलीले सुनाइन् ।

उजेलीजस्तै विदेश जाने चक्कर त्यागेर व्यवसायमा लागेकी छन् सिन्धुपाल्चोककी सावित्रा रानाभाट । रोजगारीका लागि विदेश पठाउने भन्दै दलालले भारततर्फ लैजाने क्रममा झापाको विर्तामोडबाट माइती नेपालको टोलीले उनलाई उद्धार गरेको थियो । उद्धारमार्फत फर्किएकी सावित्राले सिलाइ बुनाइको पसल खोलेकी छन् ।

पसल खोलेपछि उनको हातमा सीप र पैसा दुवै हुन थाल्यो । पसलबाट महिनामा २५ हजारभन्दा बढी आम्दानी हुने गरेको उनको भनाइ छ । विवाह गरेको दुई वर्षमै श्रीमान्ले दोस्रो विवाह गरेपछि उनी विदेश जाने चक्करमा लागेकी थिइन् । 'विदेश जाने चक्करमा दलालको हातमा परेकी रहेछु, धन्न माइती नेपालले बचाएर ल्यायो । भारतमा लगेर नराम्रो काममा लगाउने कुरा पछिमात्र थाहा पाएँ,' सावित्राले सुनाइन् । विदेश जाने चक्करमा दलालको फन्दाबाट उम्किएर स्वदेशमै आत्मनिर्भर बन्ने उजेली र सावित्रा उदाहरणमात्रै हुन् । भारत लैजानेक्रममा विभिन्न नाकाबाट उद्धार गरिएका धेरै महिला उद्यममा लागेका छन् । उनीहरूले विदेश जानेभन्दा स्वदेशमै केही सीप सिकेर आफू आत्मनिर्भर हुन गाउँका महिलाहरूलाई सल्लाह सुझाव दिने गरेका छन् ।

पछिल्लो समयमा मानव बेचबिखनको मुख्य कारण अशिक्षा, बेरोजगारी, घरेलु हिंसालगायत रहेको देखिन्छ । हिंसामा परेकाहरू सधैं अवसरको खोजीमा हुन्छन् । उनीहरूलाई कसैले प्रलोभनसहित अवसर देखायो भने चाँडै दलालको पञ्जामा पर्ने गरेको पाइन्छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव दिनेश भट्टराईका अनुसार भारतमा बन्धक बनाइएका धनुषाका सात र सिरहाका २१ जना गरी २८ जनालाई उद्धार गरिएको छ । उनीहरू २४ देखि ६० वर्षसम्मका रहेको उनले बताए । मन्त्रालयले मानव बेचबिखन नियन्त्रण कार्यलाई प्राथमिकतामा राखेको उनको भनाइ छ ।

अभियन्ता लक्ष्मी परियार शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने, परामर्श दिने र आवश्यकतानुसार सम्बन्धित निकायसँग समन्वय गर्नेगरी सबै निकाय सक्रिय भएको खण्डमा मानव बेचबिखन तथा ओसारपसार कार्य न्यूनीकरण गर्न सकिने बताउँछिन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका साथै प्रहरी र सरोकारवाला निकायहरूले प्रभावकारीरूपमा काम गर्नुपर्नेमा उनले जोड दिइन् ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०३।२७ गते काठमाडौं जिल्ला, **कागेश्वरी मनोहरा न.पा.८ बुद्धचोक नजिक सडक छेउमा पार्किङ गरी राखेको** Red Black Color को 220 CC पल्सर मोटरसाइकल, दिउँसोको अन्दाजी १:०० बजेदेखि १:३० बजेको समयमा पार्किङ स्थलबाट हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम: हुलास अटो कम्पनी
धनीको नाम : कस्मिक बचत तथा ऋण सहकारी संस्था लि.
ऋणी/निवेदक : सुदिप तामाङ
बाइक नं.: बा.प्र. ०३-०४८ प ७८१३
च्यासिस नं.: MD2A13EXONCM 86060
इन्जिन नं. : DKXCNM40277
ठेगाना: जिल्ला भक्तपुर इताछे-२
सम्पर्क: ९८४०३८५४४३

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०५।०६ गते काठमाडौं जिल्ला, वल्खु तरकारी बजार नजिकबाट कालो, रातो रङ्गको 220 CC पल्सर मोटरसाइकल, साँझको अन्दाजी ६ बजेतिर पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम: हुलास अटोक्राफ्ट
धनीको नाम : दिपेन्द्र गौली
बाइक नं.: बा.प्र. ०३-०५० प ०५१०
च्यासिस नं.: MD2A13EX2RCA 80404
इन्जिन नं. : DKXCRA15144
ठेगाना: डल्लु, काठमाडौं
सम्पर्क: ९८०३०४५९०५

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/०५/०९

यस बैंकको निक्षेपकर्ता श्री लोक बहादुर राईको छोरा, श्रीमती सेर माया राईको श्रीमान, मोरङ्ग जिल्ला, रमितेखोला गा.पा. वडा नं. ०५ घर भइ हाल मोरङ्ग जिल्ला मिक्लाजुङ्ग वडा नं. ०१ बस्ने श्री भक्तमान राई (ना.प्र.प.नं. २४७५ जारी मिति २०४२/१२/१८) को ५५ वर्ष को उमेरमा मिति २०७९/०५/१९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरकी श्रीमती सेर माया राईले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतककी श्रीमती सेर माया राई को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम विक्री वितरण सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०९)*

यस कुशेश्वरी सा.व.उ.स.हहिरपुरगढी गा.पा.७ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई पन्तचौरी हहिरपुरगढी-७ सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान १८५ को १८९३.६५ क्यू.फि.गोलिया काठ र २.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कुशेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**हहिरपुरगढी गा.पा.७, सिन्धुली**

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Officer for Nepal and Dubai - 2 (M/F)

नोटः +2 Passed, good looking, smart, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**
**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

श्रम ईजाजत नं. १०१५/०६८/६९
**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer - 4 (M/F)

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**
**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

श्रम ईजाजत न ७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com


## पृष्ठ १ बाट क्रमशः

### देशभर ९८...

यसैगरी यो वर्ष सुदूरपश्चिम प्रदेशमा सतप्रतिशत नै रोपाइँ सम्पन्न भइसकेको मन्त्रालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । यस प्रदेशमा एक लाख ७४ हजार ५७६ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहेकामा एक लाख ७४ हजार ५०१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । अघिल्लो वर्ष सुदूरपश्चिम प्रदेशमा ९४.६ प्रतिशत रोपाइँ भएको थियो ।

कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले यस वर्ष रासायनिक मलको सहज उपलब्धता र किसानका लागि मनसुन सुखद रहेको कारण झण्डै चार प्रतिशत बिन्दुले रोपाइँ बढेको जानकारी दिए । 'अघिल्लो वर्षहरूका तुलनामा यस वर्ष धान रोपाइँको अवस्था राम्रो रहेको छ,' उनले भने, 'यदि अब खडेरी परेन र धान भित्र्याउने बेलामा ठूलो वर्षा भएन भने १० प्रतिशतले धान उत्पादन बढ्ने छ ।'

अधिकांश स्थानमा रोपाइँ गर्न आकाशे पानीकै भर पर्नुपर्ने अवस्था रहेको र वर्षा राम्रो भए रोपाइँ पनि समयमा नै सकिने जोशीले जानकारी दिए । 'अधिकांश सिँचाइ सुविधा पुगेका क्षेत्रमा मात्रै धान रोपाइँ समयमा नै हुने गर्छ, नत्र आकाशे पानीकै भर पर्नुपर्छ,' उनले भने ।

तथ्यांकअनुसार सबैभन्दा बढी रोपाइँ सुदूपश्चिममा भएको छ भने कम रोपाइँ मधेस प्रदेशमा भएको देखिन्छ । पूर्वक्षेत्रमा ढिलोगरी धान रोप्ने भएकाले पनि रोपाइँ कम भएको मन्त्रालयका सूचना अधिकारी जोशी बताउँछन् । सबै प्रदेशमा नै अघिल्लो वर्षको तुलनामा यो वर्ष बढी रोपाइँ भएको छ । सुदूरपश्चिममा सबैभन्दा चाँडो रोपाइँ सुरु गर्ने भएकोले पनि अन्य प्रदेशको तुलनामा सुदूरपश्चिममा बढी रोपाइँ भएको जोशीको भनाइ छ ।

'मुलुकका सबै क्षेत्रमा सिँचाइ सुविधा नै पुग्न सकिरहेको छैन, तसर्थ कृषि मन्त्रालयले सिँचाइ कुलो विस्तार गरेर धान रोपाइँलाई प्रवर्द्धन गरिने योजना छ,' जोशीले भने, 'कहिले खडेरीले धानको बीउ सुक्ने, कहिले पानी नपर्दा धानले सिँचाइ नपाउनेजस्ता समस्याका कारण धान उत्पादन वृद्धिमा समस्या आउने गर्छ ।'

जोशीले किसानले समयमा नै मल पाउँदा धान पनि समयमा नै रोप्न सकिने जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षमा छ लाख मेट्रिक टन मल आह्वान गरेकामा चार लाख ७२ हजार २८७ मेट्रिक टन आयात भएको थियो । बिक्री भने चार लाख ५५ हजार ९३९ मेट्रिक टन बिक्री भएको थियो । हालसम्म ८७ हजार १५४ मेट्रिक टन मौज्दात रहेको अवस्था छ । चालु आर्थिक वर्षको साउनमा भने तीन लाख ७० हजार मेट्रिक टन रासायनिक मलका लागि 'टेन्डर' आह्वान गरिएको जोशीको भनाइ छ ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले मनसुनयता अहिलेसम्म औसतभन्दा बढी पानी परेको जानकारी दिए । 'आज (शुक्रबार)सम्म ८४.८ प्रतिशत अर्थात् देशभर औसतमा एक हजार २५४ मिलिमिटर पानी परेको छ,' शुक्रबार भएको कुराकानीमा उनले भने, 'कतिपय स्थानमा कम पानी र कतै बढी पानी परेको छ ।'

कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार झण्डै ५० प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा सम्पन्न हुने गरेका छन् । सबै क्षेत्रमा सिँचाइको पहुँच पुग्न नसक्दा ५० प्रतिशतभन्दा बढी रोपाइँ आकाशबाट पर्ने पानीकै भरमा सम्पन्न हुने गरेको हो ।

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा. मथुरा यादवले राम्रो वर्षा हुँदा र समयमा नै धान रोपाइँ सम्पन्न भएमा धानको उत्पादनमा पनि वृद्धि हुने बताए । उनले धान उत्पादन बढाएर आयात प्रतिस्थापन गर्न रासायनिक मलको सहज उपलब्धता र सिँचाइको व्यवस्था हुनुपर्नेमा जोड दिका छन् ।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा ८८ करोड ६५ लाख मूल्य बराबरको धानको बीउ आयात भएको छ । यसैगरी, करिब ११ अर्ब ५५ करोड मूल्य बराबरको धान आयात भएको मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका अनुसार यस अवधिमा आठ अर्ब ६९ करोड मूल्य बराबरको चामल आयात भएको छ । करिब नौ लाख २० हजार मूल्य बराबरको कनिका आयात भएको छ । *रासस*


## विज्ञापन प्रकाशन सम्बन्धी वार्षिक सम्झौता रद्द गरिएको बारे अत्यन्त जरुरी सूचना

नेपाल सरकार विज्ञापन बोर्डले छापा माध्यमको न्युनतम दररेट माग गरेको र नेपाल विज्ञापन संघ (आन), राष्ट्रिय विज्ञापन संघ नेपाल (नान), नेपाल मिडिया सोसाइटी र मिडिया एलाइन्स बीचमा भएको सहमतिमा निर्धारण गरिएको न्युनतम दररेट रु. ५००/- (पाँच सय रूपैया) प्रति सीसी भन्दा कममा भएको विज्ञापन प्रकाशन सम्बन्धी सम्पूर्ण द्वि-पक्षीय सम्झौताहरु यहि २०८१ भाद्र १५ गते शनिबारदेखि स्वतः रद्द हुने भनि सहमति गरी सहमति कार्यान्वयन गर्ने निर्णय समेत भएकोले यस प्रकाशन गृहसँग भएका त्यस प्रकारका सम्पूर्ण सम्झौताहरु रद्द गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसबाट विज्ञापनदाता महानुभावहरूमा पर्न गएको असुविधाको लागि हामी क्षमा प्रार्थी छौं । विगतमा जस्तै यहाँहरूको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८

## शिलवन्दी बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०५/०९

उपर्यूक्त विषयमा मुग्लिङ पोखरा सडक विस्तारका क्रममा सडक मापदण्ड (पश्चिम खण्ड) भित्र परेका रूखहरु नियमानुसार कटान भई घाटगद्दी गरी राखिएका काठ/दाउरा यस कार्यालयको आ.व.०८१।०८२ को लट नं. २ को खयर, सिसौ, वोटधरो, आँप, पाखुरी, सिमल, पिपल, चिलाउने, कटुष, कालिकाठ, गोलमोहर/गोये जातको गोलिया थान ७४३ को २४६३.६४ क्यू.फि., काठ र सोही प्रजातिका मिश्रित २०ह५'ह५' साईजको २३.५० चट्टा दाउरा र लट नं. ३ को साल, खयर, सिसौ, रातपाते, पिपल, चिलाउने, फलेदो, रिठ्ठा, कल्की, कटुष/इमली जातको गोलिया थान ५६७ को १३१३.८१ क्यू.फि., काठ र सोही प्रजातिका मिश्रित २०ह५'ह५' साईजको १२.०० चट्टा दाउरा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

डिभिजन वन कार्यालय, तनहुँ
फोन नं. ०६५५६३१३५


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, ०९ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | अवसरका साथ चुनौती पनि देखा पर्नेछन् । |
| **वृष** | फाइदा हेर्दा नाम बिग्रन सक्छ । |
| **मिथुन** | विभिन्न उपहार प्राप्त हुने समय छ । |
| **कर्कट** | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । |
| **सिंह** | भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । |
| **कन्या** | अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो । |
| **तुला** | पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । |
| **वृश्चिक** | मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । |
| **कुम्भ** | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । |
| **मीन** | स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ भदौ, २०८१ (२५ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०१ | १३४.६१ |
| युरो | १ को | १४७.२८ | १४७.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.९२ | १७३.६९ |
| स्विस फ्रैन्क | १ को | १५४.४८ | १५५.१७ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८४ | ८९.२४ |
| क्यानाडियन डलर | १ को | ९७.५९ | ९८.०२ |
| सिङ्गापुर डलर | १ को | १०१.६१ | १०२.०७ |
| जापानी येन | १० को | ९.०५ | ९.०९ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७५ | ३६.९१ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४८ | ३६.६५ |
| मलेसियन रिङेट | १ को | ३०.२४ | ३०.३८ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १२.७५ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.७४ | १९.८३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.१४ | ४४०.१० |
| बहराइन दिनार | १ को | ३५५.५३ | ३५७.१३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**राधाकृष्णको मूर्ति बनाउँदै** | श्रीकृष्ण जन्माष्टमीका लागि राधाकृष्णको मूर्ति बनाउँदै धनुषाको विदेह नगरपालिका–७ तिनकौरिया चोकका मूर्तिकार रामप्रकाश पण्डित ।
*तस्बिरः अमरेन्द्रकुमार यादव/रासस*

# बिरुडा भिजाएर सुरु गरियो गौरा पर्व

**काठमाडौं–** यस वर्षको गौरा पर्व मनाउनका लागि केराउ, जौ, मस्याङ, मास र गुराँस गरी पाँच चीजको गेडा भिजाएर राखिएको छ ।यसरी पाँच चीज मिलाएर भिजाउनुलाई बिरुडा भिजाएको भनिन्छ । अष्टमीमा भगवतीलाई पूजा गरेर प्रसादका रूपमा यसरी भिजाएको पाँच प्रकारको चीज अर्थात् बिरुडा चढाइन्छ । भक्तजनलाई पनि प्रसादका रूपमा बिरुडा नै बाँडिन्छ । पाँच किसिमका गेडागुडी भिजाउने दिनलाई बिरुडा पञ्चमीका नामले चिन्ने गरिएको छ ।



गौरा पूजा गर्नका लागि पाँच वनस्पति कुश, काँस, सामा (सौं), तीतेपाती र अपामार्ग कतै तिलको बिरुवा पनि राखेर देवीको आकार बनाउने गरिन्छ । यसरी बनाइएको देवीलाई यस वर्ष भाद्र कृष्ण अष्टमीका दिन गाउँको सफा घरमा भित्र्याएर वर्तालुले निराहार बसी पूजा गर्ने परम्परा रहेको देउडा संस्कृतिविद् नन्दकृष्ण जोशीले बताए । देवीलाई गाउँका नायकले भित्र्याउनुपर्ने चलन छ । यसरी भित्र्याउँदा कसैले पनि हेर्नु नहुने मान्यता छ । गौरा भित्र्याउने घरमा जम्मा भएका गाउँलेले खोज्दा नभेट्ने गरी नायकले लैजान्छन् । यसलाई गौरा पर्वको मौलिकताका रूपमा लिने गरिएको छ ।

यसरी दुई–तीन दिन पूजा गरिसकेपछि मंगल र शनिबार नपारी देवीलाई नदी, कुवा, पोखरी वा जलाशयमा लगी सेलाइन्छ । जुठो, सुतक परेका बेला देवीलाई विसर्जन गर्न नहुने परम्परा छ । देवीलाई विसर्जन गरेपछि मागल अर्थात् मांगलिक कर्ममा गाइने भजन, गीत आदि गाएर रमाइलो गर्ने परम्परा छ ।

देशका अन्य भागमा तीज मनाए जस्तै पश्चिममा यो पर्व विशेषगरी नारीहरूले मनाउने गरेका छन् । उमा महेश्वरसहित दुवोको पूजा गरेर सुदूरपश्चिम र मध्यपश्चिमवासीले यस वर्ष अँध्यारी गौरा एवं दुर्वाष्टमी पर्व मनाउँदै छन् । शुक्ल पक्षमा मनाइने गौरालाई उज्याली र कृष्ण पक्षमा मनाइने गौरालाई अँध्यारी भन्ने गरिन्छ । यसैले यस वर्षको गौरालाई अँध्यारी भनिन्छ । पहिलोपटक व्रत बस्नेले भने शुक्लपक्षको अष्टमी अर्थात् उज्याली गौराबाटै सुरु गर्नुपर्ने व्रत विधान छ ।

कन्या राशीमा सूर्य गएपछि अर्थात् असोज महिना लागेपछि भने गौरा पर्व मनाउनु हुँदैन । सिंह राशीमा सूर्य भएका बेला अर्थात् भदौ महिनामा गौरा मनाउनुपर्ने मानसखण्ड, निर्णयसिन्धु, हेमाद्रीलगायत धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको छ । गौरालाई सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका मानिसले ऐतिहासिक मौलिक पर्वका रूपमा मनाउने गरेका छन् । राजधानीमा पनि सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका मानिसको बसोवास बढेसँगै यो पर्व धुमधामका साथ मनाउन थालिएको छ ।

सत्य युगमा हिमालय पुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी वर्षा ऋतुको भाद्र महिनामा जल, जंगल, जमिन र जनावरको डर नमानी तपस्या गरेपछि मनोकामना पूरा भएको सम्झनामा देशको पश्चिम क्षेत्रमा यो पर्व मनाउन सुरु गरिएको देउडा संस्कृतिविद् गायक जोशीले जानकारी दिए । पञ्चमीका दिन बिरुडा भिजाएर सुरु गरिएको गौरा पर्व चार दिनसम्म धुमधामका साथ मनाइन्छ । राजधानीमा पनि गौरासँगै देउडा गायन र नृत्यका साथ सुदूरपश्चिम एवं मध्यपश्चिमवासीले यो पर्व मनाउने गरेका हुन् । *रासस*

# तनहुँ दुर्घटनामा मृतकको शव भारत पठाइयो

**भरतपुर (चितवन)–** तनहुँको ऐनापहरामा बस दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव भारत पठाइएको छ । भरतपुर अस्पतालमा शव परीक्षण सकेपछि भारतीय एयरफोर्सको जहाजबाट शनिबार अपराह्न भरतपुर विमानस्थलबाट ती शव भारत पठाइएको हो । मृतक २७ मध्ये २५ जनाको शव जहाजबाट पठाइएको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । उनका अनुसार बसका चालक र सहचालकको शव भने स्थलमार्गबाट गोरखपुरतर्फ पठाइएको छ ।





मृतकको शव लिन भारतकी युवा तथा खेलकुद राज्यमन्त्री रक्षानिखिल खड्से भरतपुर आएकी थिइन् । मृतक यात्रुका शव शुक्रबार राति आँबुखैरेनीबाट भरतपुर ल्याइएको प्रजिअ यादवले बताए । उनका अनुसार पशुपतिनाथ दर्शन गर्न जाँदै गरेको भारतीय पर्यटक बोकेको बस शुक्रबार बिहान तनहुँको आँबुखैरेनी नजिकै सडकबाट मर्स्याङ्दी नदीमा खस्दा २७ पर्यटकको मृत्यु भएको हो । मृतकमध्ये १५ महिला, ११ पुरुष र एकजना चार वर्षीया बालिका रहेकी छन् । घाइते हुनेमा छ पुरुष र १० महिला छन् ।

प्रहरीका अनुसार बसमा ४३ जना सवार थिए । घाइतेहरूको काठमाडौंमा उपचार भइरहेको छ । मृतक र घाइते भारतको महाराष्ट्रको जलगाउँ जिल्लास्थित भुसावल गाउँका रहेका प्रजिअ यादवले जानकारी दिए । पोखराबाट काठमाडौं जाँदै गरेको युपी ५३ एसटी ७६२३ नम्बरको बस आँबुखैरेनी नजिकैबाट मर्स्याङ्दीमा खसेको थियो । दुर्घटनालगत्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार गरेका थिए । *रासस*

# गुँला पर्वको अवसरमा स्वयम्भूमा सप्तविधानुत्तर पूजा

**काठमाडौं (प्रस)–** गुँला पर्वका अवसरमा स्वयम्भूनाथमा शनिबार सप्तविधानुत्तर पूजा गरिएको छ । वरिष्ठ तथा ज्येष्ठ नागरिक समाज काठमाडौं महानगरपालिका–१५ स्वयम्भूले आयोजना गरेको पूजामा मुलाचार्य, उपाध्याय तथा अन्य गुरुज्यूहरूले सामूहिक रूपमा उक्त पूजा गरेका छन् ।

समाजका अध्यक्ष शारदामुनि बज्राचार्यका अनुसार बौद्ध धर्मका अनुयायीहरूले विभिन्न प्रकारबाट पूजा गर्ने गर्दछन् । तीमध्ये प्रख्याति सप्तविधानुत्तर पूजा एक हो । उनका अनुसार सप्त भनेको सात र विधान भनेको विधिविधान हो । पूजाविधिअन्तर्गत बौद्ध बज्रयानी अभ्यासमा चार तन्त्रबमोजिम क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र र अनुत्तर योगतन्त्र हुने गर्दछ ।

सप्तविधानुत्तर पूजालाई उच्चतम श्रद्धा र आस्थायुक्त पूजा क्रियाको रूपमा लिने गरिन्छ । बज्राचार्यका अनुसार आफ्नो र अरूको हित गर्ने, विभिन्न ग्रहदशा निवारण भई सुख, शान्ति र आनन्दका लागि यो पूजा गरिन्छ ।

सुखमा, दुःखमा, जन्मदिनमा आपत्विपत् परेको समय, गृहकलहलगायत बेला यो पूजा गर्ने गरिन्छ । एकदेखि १०८ गुरुहरूबाट यो पूजा हुने उनले जानकारी दिए । बज्राचार्यले यो महिना भगवान् बुद्ध ध्यानमा बसेको महिना भएकोले यस समयमा मानिसले आफ्ना खराब खानपान तथा व्यवहार त्याग्ने गरेको बताए ।

पृष्ठ १ बाट क्रमशः

## टिआरसी विधेयकले...

दुवै सदनबाट पारित भएको उक्त विधेयक राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण हुन बाँकी छ । राष्ट्रपतिबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएपछि उक्त विधेयक कानुनको रूपमा लागू हुने छ ।

द्वन्द्वको एउटा पक्ष नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दुवै आयोगसम्बन्धी ऐन संशोधन भएपछि माओवादी ढुक्क भएको भन्दै खुसी व्यक्त गरेका छन् । शनिबार पार्टीको नुवाकोट–काठमाडौं सम्पर्क समन्वय समितिले आयोजना गरेको कार्यक्रममा उनले माओवादीको टाउकोमाथि झुण्डिएको तरबार अब हटेको टिप्पणी गरे ।

'अब तपाईं हाम्रो टाउकोमा तरबार झुण्ड्याएको जस्तो थियो, त्यो तरबार हट्यो, अब डराउनुपर्ने अवस्था छैन,' दाहालले भने । माओवादी सशस्त्र युद्ध सकिएको १८ वर्ष भइसक्दा पनि शान्ति प्रक्रियाका कामहरू पूरा भएका छैनन् । हाल सत्य निरूपण तथा बेपत्ता छानबिनसहितको दुवै आयोगमा गरी ६३ हजारभन्दा बढी उजुरी संकलन भइसकेको छ । १० वर्षे सशस्त्र द्वन्द्व अन्त्य गर्दै ५ मंसिर २०६३ को मंसिरमा गरिएको विस्तृत शान्ति सम्झौतामा स्थिति सामान्य बनाउने क्रममा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण बनाउन आयोग गठन गर्ने उल्लेख थियो ।

यसरी सत्ता पक्ष र प्रतिपक्षबीच टिआरसीमाथि सकारात्मक धारणा बन्दा केही पीडितहरू रुष्ट छन् । यसबाहेक संसद्बाट पारित भएको उक्त विधेयकका कतिपय प्रावधानलाई लिएर तीनवटा अन्तर्राष्ट्रिय संस्थाले तिनमा कयौं कमजोरी रहेको औंल्याएका थिए । ह्युमन राइट्स वाच, इन्टनेसनल कमिसन अफ जुरिस्ट्स र एम्नेस्टी इन्टरनेसनलले गत मंगलबार एउटा संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिक्रिया जनाएका हुन् । यद्यपि, नेपालस्थित पश्चिमा देशका कूटनीतिज्ञहरूले समेत संक्रमणकालीन न्यायको प्रक्रियालाई पूरा गर्न ल्याइएको उक्त विधेयकसम्बन्धी प्रयासलाई स्वागत गरेका थिए ।

बिहीबारमात्र संयुक्त राष्ट्रसंघले पनि संक्रमणकालीन न्यायसम्बन्धी शान्ति प्रक्रियाका बाँकी कामलाई पूर्णता दिन बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई आवश्यक पर्ने ऐन, कानुन बनाउने विधेयक संघीय संसद्का दुवै सदनबाट पारित भएकामा स्वागत गरेको थियो । टिआरसीलाई स्वागत गर्नुको अर्थ यसको वैद्यता छ भन्नु पनि हो । राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसले गत वर्ष नेपालको दुवै संसद्लाई सम्बोधन गर्दै विधेयक छिटो पारित गर्न आग्रह गरेका थिए ।

कानुनमन्त्री चौरासियाले भने, 'टिआरसीमा सर्वोच्च अदालतले पटक–पटक दिएका आदेश, मानवअधिकार आयोगको चासो र अन्तर्राष्ट्रिय चासोहरूलाई हामीले सम्बोधन गरेका छौं र पीडितमैत्री कानुन बनाएका छौं ।' सत्य निरूपण तथा बेपत्ता छानबिनसम्बन्धी आयोगमा पदाधिकारी नियुक्त भएपछि ती दुवै आयोगमा रहेका हरेक उजुरीहरूको विस्तृत छानबिन गरी सत्यको निरूपण गरिने मन्त्री चौरासियाले बताए ।

छानबिनपछि मेलमिलाप गराउन सकिने र मिल्ने घटनाहरूलाई मेलमिलाप गराइने अनि परिपूरण गर्न सकिने अर्थात् क्षतिपूर्ति दिएर मेलमिलाप गराउन सकिने घटनालाई त्यस्तै गरिने छ । तर, कतिपय गम्भीर मानवअधिकार उल्लंघनका घटनामा तत्काल प्रचलित कानुनअनुसार कारबाही पनि हुनसक्ने उनी बताउँछन् । यसपछि चित्त नबुझे पीडितहरू अदालत पनि जानसक्ने बताए ।

## नेपाललाई सघाउन ...

बिहीबार राति जेनेभामा जारी गरेको वक्तव्यमा उच्चायुक्त टर्कले पारदर्शी ढंगले स्वतन्त्र व्यक्तिहरू दुवै आयोगमा पदाधिकारीहरू नियुक्त हुनुपर्नेमा जोड दिएका छन् । शान्ति प्रक्रियालाई सफलतापूर्वक तार्किक निष्कर्षमा पुऱ्याउने उदाहरणीय मुलुकका रूपमा नेपाल क्षेत्रीय एवं अन्तर्राष्ट्रिय जगतमा स्थापित भएको उल्लेख गर्दै उनले शान्ति प्रक्रियाको यो महत्त्वपूर्ण चरणमा नेपाल सरकारलाई हरतरहले सहयोग गर्न आयोग तत्पर रहेको बताएका छन् ।

प्रतिनिधिसभाबाट साउन ३० गते पारित भई पेस गरिएको टिआरसी विधेयक बिहीबार राष्ट्रियसभाबाट सर्वसम्मत पारित पारित भएको थियो । राष्ट्रियसभाले उक्त विधेयक विनासंशोधन पारित गरेको हो । यससँगै अब सो विधेयक प्रतिनिधिसभामा गई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिने छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐनको रूपमा औपचारिक कार्यान्वयनमा आउने छ ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Kathmandu**
**Road Division Lalitpur**

**Letter of Intent to accept the bid**

**(Date of publication: 2081/05/09)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the concerned bidders that our intention is to award following contracts of Notice No. 01-RDLTP/081/82 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| SN | Contract Number | Work Description | Name of the Contractor | Quoted Amount NRs. (with VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDLTP/33731011-3/081/82-01 | Reactive Maintenance Works on Gwarko-Lubhu-Lakuribhanjyang Road, Lalitpur | M/S Sony Builders & Engineering | 1,543,799.60 |
| 2 | RDLTP/33731011-3/081/82-02 | Reactive Maintenance Works on Satdobato Godavari Phulchowki Road, Lalitpur | M/S N.G.S. Construction Engineering and Suppliers | 1,786,151.65 |
| 3 | RDLTP/33731011-3/081/82-03 | Reactive Maintenance Works on Satdobato-Sunakothi-Tikabhairab-Lele Road, Lalitpur | M/S N.G.S. Construction Engineering and Suppliers | 1,897,774.10 |
| 4 | RDLTP/33731011-3/081/82-04 | Reactive Maintenance Works on Thapathali-Ekantakuna-Bhaisepati-Chhampi-Tikabhairab Road, Lalitpur | M/S Than Nirman Sewa | 1,629,049.38 |
| 5 | RDLTP/33731011-3/081/82-05 | Reactive Maintenance Works on Ring-Road,Balkhu-Satdobato-Balkumari Section, Lalitpur | M/S N.G.S. Construction Engineering and Suppliers | 1,787,277.38 |

**Division Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# फेरि उच्छृंखल नबनोस् टिकटक

केपी ओली नेतृत्वको सरकार यतिबेला पूर्ववर्ती सरकारले गरेका निर्णयरूप उल्टयाउन लागिपरेको छ। यही सिलसिलामा बिहीबारको मन्त्रिपरिषद् बैठकले सामाजिक सञ्जाल टिकटकमाथि लगाएको प्रतिबन्ध हटाउने निर्णय गऱ्यो। पुष्पकमल दाहाल नेतृत्वको पूर्ववर्ती सरकारले गत वर्ष असोज २७ गतेदेखि टिकटकमाथि प्रतिबन्ध लगाएको थियो। प्रतिबन्ध लगाउनुको प्रमुख कारण थियो सामाजिक सद्भाव भड्किने सामग्री। अनियन्त्रितरूपमा चलेको उक्त सामाजिक सञ्जालमार्फत निकै भद्दा, गालीगलौजलगायत सामाजिक सद्भावमा असर पुऱ्याउने खालका सामग्रीरूप प्रशस्त आइरहेको थियो। जसले निकै चुनौती बढाएको तत्कालीन सरकारको निष्कर्ष थियो।

सरकारले प्रतिबन्ध लगाएपछि टिकटकका प्रतिनिधिरूपले बारम्बार सरकारसमक्ष खोल्न आग्रह गरेका थिए। नेपालको कानुनअनुसार सम्पूर्ण सुरक्षाका उपाय अवलम्बन गर्न तयार रहेको भन्दै प्रतिबन्ध खोल्न आग्रह गरिएको थियो। तर, दाहाल सरकार त्यसमा विश्वस्त हुन नसकेका कारण फुकुवा गर्न अस्वीकार गरेको थियो। टिकटकले मात्रै होइन विभिन्न अन्तर्राष्ट्रिय सामाजिक सञ्जालरूपले पनि सरकारको कदमप्रति आपत्ति जर्नाएको थियो। टिकटकबाट सुरु भएको प्रतिबन्ध आफूरूपलाई पनि लाग्नसक्ने आशंका ती सञ्जालका प्रतिनिधिरूपको थियो।

ओली सरकारलाई पनि सुरुबाटै यो दबाब आएको हुनुपर्छ। त्यसैले त टिकटकमाथिको प्रतिबन्ध हटाउन तयार भयो। यद्यपि, टिकटक खोल्न चार सर्त अघि सारिएको छ। जसमा, पहिलो नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने, दोस्रो डिजिटल सुरक्षा र साक्षरताका लागि सघाउनुपर्ने, तेस्रो सार्वजनिक शिक्षालाई गुणस्तरीय र सूचना प्रविधिमा आधारित बनाउन सहयोग गर्नुपर्ने र चौथो नेपालीलगायत मातृभाषारूपको 'फिल्टरिङ' गर्नुपर्ने। सरकारले 'जे कारणले टिकटक बन्द गर्नुपर्ने परिस्थिति बनेको थियो, त्यो नहुने व्यवस्था गर्नुपर्ने' भनेको छ। साथै, सामाजिक सञ्जाल सञ्चालन निर्देशिका, २०८० को दफा ३ अनुसार मन्त्रालयमा सूचीकरण हुनुपर्ने, दफा ६ अनुसार प्वाइन्ट अफ कन्टयाक्ट तोक्नुपर्ने उल्लेख छ।

ओली सरकारको यो निर्णयबाट टिकटक प्रयोगकर्तारूप खुसी भएका छन्। नियमनमा कडाइ गर्नसके प्रतिबन्ध नलगाउनु नै उचित हो तर मुलुकको नियामक निकाय प्रभावकारी बन्न नसकेको जगजाहेर छ। त्यसैले टिकटक र अन्य सामाजिक सञ्जालरूपबाट सिर्जना हुने चुनौतीप्रति गम्भीर हुनैपर्छ। सरकारले प्रतिबन्ध खोल्नु ठूलो कुरा होइन, अब तोकिएका सर्तरूप कडाइका साथ पालना गराउन सरकार सफल हुन्छ या हुँदैन त्यो हेर्न बाँकी नै छ। त्यसो त टिकटकबाट चुनौतीमात्रै छैन, यसबाट धेरै अवसररूप पनि सिर्जना भएका छन्। धेरैको व्यवसाय प्रवर्द्धन गर्नेदेखि विभिन्न सकारात्मक अभियान सञ्चालन गर्ने कार्यमा पनि यो प्रभावकारी बनेको छ। त्यसैले आगामी दिनमा यसलाई विकृतिरहित बनाएर प्रयोग गर्न प्रेरित गर्न जरुरी छ। फेरि पनि विकृत हुन नदिनेगरी नियमनमा कडाइ गरियोस्।

## मनन्योग्य

### चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्। जसलाई 'यमराज' पनि भनिन्छ। यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ)। त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए। त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ। क्रमशः

# समाजवादको सपना र भ्रम



■ सरोज दिलु विश्वकर्मा

जसले आधारभूत तथा उत्पीडित वर्गको चाहना र अभिव्यक्तिलाई बुझेकै छैनन्, बुझ्न-सुन्न पनि चाहँदैनन् तिनले नै शब्दहरूको खेलोमेलो गर्दै आएको देखिन्छ। मै जान्नेसुन्ने हुँ भन्नेहरू यिनैले हिजो विभिन्न वादका नाममा हामीलाई प्रयोग गरे। हामीले कम्युनिस्ट पार्टी वा जनताको बहुदलीय जनवादको जयजयकार पनि गाएकै हौं। हामीले भन्दै आएका वादहरूले नेता-कार्यकर्तालाई भ्रष्ट र लोभीपापी बनाए। सर्वसाधारण जनताबाट अलग बनाए। अहिले फेरि समाजवादको टुक्का फालिएको छ। यसको टाउको कस्तो हुन्छ, हातखुट्टा कस्तो हुन्छ थाहा नपाई केवल भुँडी हेरेर अन्दाज गरेकै भरमा समाजवादको प्रचारप्रसार गर्नु कति उचित होला!

### मैले बुझेको समाजवाद

मार्क्सले भौतिक वस्तु र उत्प्रेरणा प्राप्तिका लागि मरिमेट्ने र समाजका अधिकारहरूलाई कब्जा गरेर राज्यसञ्चालनमा खास वर्गको प्रतिनिधित्व रहने कुरालाई 'पुँजीवाद' भनेका छन्। त्यसको ठीक विपरीत अभौतिक कुराहरू र एकअर्काको सहअस्तित्व र आवश्यकतालाई सामूहिकरूपमा परिपूर्ति गर्ने र समाजका अधिकारलाई समाजमा रहेका श्रमजीवी वर्गलाई उपलब्ध गराउने तवरले तिनै वर्गका प्रतिनिधिहरूको राज्य निर्माण गर्नु 'समाजवाद' हो भनेर मान्नुपर्छ।

अर्थात् पुँजीवादको विकल्पको रूपमा स्थापित गरिएको सामूहिक अधिकारको प्रत्यायोजन र सामूहिक नेतृत्व तथा उत्पादन, स्वामित्व र वितरणमा आधारित श्रमजीवी वर्गको नियन्त्रण हुने राज्यप्रणाली नै समाजवाद हुनसक्छ। सीधा अर्थमा भन्नुपर्दा 'समाजवाद' भनेको नेपाली समाजमा रहेको असमानता, गरिबी, विभेद, पछौटेपना, बेराजगारी, कूशासन, अशिक्षा, सामाजिक हिंसा, रोग, शोक र भोकको अवस्थाबाट नेपाली जनतालाई मुक्त बनाउनु वा सबैलाई सम्पन्न र समृद्ध बनाउने नारामात्र नभई एकआपसमा सहिष्णुता, सहकार्य, समन्वय, सद्भाव र सहयात्रा र सत्ता साझेदारीको राज्यव्यवस्था हो।

समाजको नेतृत्व सामूहिकरूपमा गर्ने, उत्पादनमा सबै उत्तिकै तहमा लाग्ने अनि त्यसको नियन्त्रण र वितरणसमेत बराबरी हुने समरूपता निर्माण हुनु नै समाजवाद हो। सामान्य उदाहरणलाई लिऔं- हामीले मधेसतिर धान रोपेको वा बाली काटेको देखेकै छौं। मध्यम वा निम्नवर्गको समाजमा ज्याला दिने यथेष्ट पैसा हुँदैन, पर्म लगाउने वा पैंचो तिर्ने प्रथा हुन्छ। अर्थात् सबै किसानले सबै किसानको सहयोग गर्ने। यसैगरी धान झार्ने वा घर बनाउने बेलामासमेत यस्तो ऐंचोपैंचो चल्छ। कतिपय विवाहलगायतका चाडपर्वमासमेत नगद वा जिन्सी सहयोग गर्ने चलन हुन्छ। यही हो, समाजवादको नमूना। तर, हामी नगदी कारोबारमा गइसकेका छौं। नगदविना छोराले बाबुलाई वा श्रीमतीले श्रीमान्लाई समेत सहयोग नगर्ने वा पुँजीविना बाबुआमाको किरिया पनि नबस्ने युगमा छौं। जे गर्दा पनि पुँजी अर्थात् धन चाहिने प्रणालीबाट सामूहिकरूपमा श्रम तथा उत्पादन गर्ने, सामूहिकरूपमा नै त्यसको नाफा लिने र त्यसको सञ्चालन र नियन्त्रण पनि सामूहिकरूपमा गर्ने प्रणाली नै समाजवादको एउटा सानो नमूना हो।

### समाजवादी सपना र भ्रम

हामी समाजवाद त भन्दै छौं, लेख्दै छौं तर कहाँबाट सुरु हुन्छ यो समाजवाद? कुन-कुन पाटपुर्जा चाहिन्छ समाजवाद निर्माण गर्न? समाजवाद हिँड्ने बाटो कस्तो चाहिएला? कसैले गहिरो अन्दाज गरेकै छैन। हामी त खासमा एउटाले काग आयो, काग आयो भनेपछि त्यसैको पछि लाग्दै आएका छौं। वि.सं. २०४७ पछि भोलि नै साम्यवाद आउँछ, हाम्रा समस्याहरू सबै समाधान हुन्छ, रातारात हामी समृद्ध हुन्छौं भनिएको थियो। माओवादी जनयुद्धले सबै सामन्तहरूलाई बढारेर लान्छ, भ्रष्टाचार निमिटयान्न हुन्छ, देश स्वीटजरल्याण्ड बन्छ, जनता भोलि नै सुखी सम्पन्न हुन्छन्। संघीयताले घरघरमा सिंहदरबार पुग्ने छ, समावेशी राज्य हुने छ भन्दा त्यसैको पछि लागेर दौडिरहचौं।

आज फेरि समाजवाद भन्ने अर्को स्वर्ग देखाइएको छ। जुन समाजवाद आज विश्वमा कहीँ कतै मात्र सफल छन्। चीन, क्युवा र भियतनाममा हेर्दा केही आशा गर्ने ठाउँ छ भने दक्षिण अमेरिकी मुलुकहरूमा क्रमशः समाजवाद भत्किदै गएको वा पुँजीवादसँग हारेको अवस्था छ। तर, हाम्रा नेताहरू पुरेतले टपरामा अधिक दान दक्षिणा खसाल्नू स्वर्ग यहीँ छ, अहिले नै स्वर्ग जाने हो भनेजस्तो समाजवाद अब दुई कदममात्र पर छ, आइहाल्छ भन्दै भाषण गर्न थालेका छन्।

जसले आधारभूत तथा उत्पीडित वर्गको चाहना र अभिव्यक्तिलाई बुझेकै छैनन्, बुझ्न-सुन्न पनि चाहँदैनन् तिनले नै शब्दहरूको खेलोमेलो गर्दै आएको देखिन्छ। मै जान्नेसुन्ने हुँ भन्नेहरू यिनैले हिजो विभिन्न वादका नाममा हामीलाई प्रयोग गरे। हामीले कम्युनिस्ट पार्टी वा जनताको बहुदलीय जनवादको जयजयकार पनि गाएकै हौं। जवजले श्रेष्ठताको कुरा गऱ्यो तर २५ वर्षको अवधिमा सबैभन्दा भ्रष्ट, दलाल र निरंकुश व्यक्तिहरू नै श्रेष्ठ र वरिष्ठ भए, जसका कारणले कम्युनिस्ट आन्दोलन ध्वस्त भयो। हामीले भन्दै आएका वादहरूले नेता-कार्यकर्तालाई भ्रष्ट र लोभीपापी बनाए। सर्वसाधारण जनताबाट अलग बनाए। अहिले फेरि समाजवादको टुक्का फालिएको छ। यसको टाउको कस्तो हुन्छ, हातखुट्टा कस्तो हुन्छ थाहा नपाई केवल भुँडी हेरेर अन्दाज गरेकै भरमा समाजवादको प्रचारप्रसार गर्नु कति उचित होला!

यसो गर्नु भनेको शब्दविलासिताबाहेक केही होइन। र, राज्यको यही स्वरूप, समाजको संरचना र शासकीय स्वरूपमा हामी समाजवादको परिकल्पना पनि गर्न सक्दैनौं। जबकि पुँजीपति, दलाल, बिलौचिया र जडसूत्रवादी कर्मचारीतन्त्र रहेको अधिसंरचना नभत्काएसम्म र त्यसलाई संरक्षण गरिरहेको दासता, हैकमवाद, जातीय, लिंगीय, वर्गीय तथा गरिबी र अभावको दरार अनि विभेद र हिंसालाई जबसम्म समाप्त गर्न सकिन्न तबसम्म सम्भव हुँदैन। यो विषमतालाई भत्काउन कि त सशस्त्र क्रान्तिकै जरुरत पर्छ या त विशाल समाजवादी वर्गीय संगठन बनाएर संविधानको पुनर्निर्माणबाट मात्र सम्भव छ। तर, हामी क्रान्ति पनि गर्न सक्दैनौं र यही संविधानलाई पूर्ण मानेर पुँजीवादी संसदीय अभ्यास गरिरहेका छौं। र, समाजवादी आधार निर्माण गर्ने कुरामा कुनै पार्टी तयार छैनन् भने यो कसरी सम्भव हुन्छ?

हो, हामीले समाजवादउन्मुख संविधान निर्माण गऱ्यौं तर संविधानका सैद्धान्तिक पक्षलाई व्यवहारमा बदल्न कोही तयार छैनौं। मार्क्सले सिद्धान्त र दर्शनको ज्ञानभन्दा संसार बदल्ने कुरा अहम् हो भनेका छन्। तर हामी आफैं बदलिने कुरामा राजी हुन्नौं। यसर्थ नेपाली जनताको भावनालाई करिबकरिब पूर्णरूपमा समेटिएरै लेखिएको भएता पनि संविधानको भावना र मर्मलाई पूरा गर्ने वा त्यो भित्रका निर्देशनलाई कार्यान्वयन गराउने स्वरूप र संरचनाको निर्माणमा हामी पहिलेदेखि नै चुक्दै आएका छौं। हामीले देखिरहेका छौं- यही संविधानले निर्दिष्ट गरेका कार्यभारहरूलाई त हामी अगाडि बढाउन सकिरहेका छैनौं, संविधानकै आडमा एउटा न एउटा व्यावधान खडा भएर समाजवाद निर्माणको कुनै काम अगाडि बढ्नै दिन्नौं भने यही व्यवहार र चिन्तन अनि हाम्रो चरित्रले समाजवादमा पुग्नु भनेको खड्गप्रसाद ओलीले 'वयलगाडा चढेर अमेरिका पुगिन्छ' भनेजस्तै हो। त्यसैले कामरेड हो, समाजवाद सम्भव र असम्भव दुवै छ।

### यसकारण समाजवाद असम्भव

### आफैं बदलिएका छैनौं

मार्क्सले भनेका छन्- दार्शनिकहरूले विश्वलाई विभिन्न तरिकाले विश्लेषण गरेता पनि मुख्य कुरा चाहिँ बदल्नु हो। तर, नेपालको राजनीतिमा मार्क्स र लेनिन वा एंगेल्सका सिद्धान्त र विचारको रटान-पठान गर्नेहरू नै आफैं बदलिएनन्। मिठा सपनामात्र देखाएर पदका लागि जजमानीमात्र गर्ने, सिद्धान्तदेखि सिद्धान्तसम्म खरो बहसमा उत्रने तर आफ्ना सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्नबाट भाग्नु वा जनतासँग सापेक्षित बनाउन नसक्नु कम्युनिस्टहरूको कमजोरी रहेको छ।

राजनीतिक र सामाजिक रूपान्तरणका कार्यमा हाम्रा नेताहरू मन लगाउँदैनन्। बरू पुँजीवादी देशहरूको सयर गर्ने, तिनका उत्पादनबाट आनन्द लिने र नगदी फाइदा हुने कार्यक्रममा उनीहरूको प्राथमिकता हुन्छ। गाउँघर, कार्यकर्ता वा जनताको घर-आँगनभन्दा होटल, सभा, सम्मेलन वा अन्तर्राष्ट्रिय भ्रमणमा यिनीहरू रमाउन थालेका छन्। लाख-डेढ लाखका दुई-चारवटा मोबाइल झोलामा हालेर हिँड्ने, महँगा विदेशी जुत्ता लगाउनमा गर्व गर्ने र अन्ततः छोराछोरीलाई युरोप, अमेरिका, अस्ट्रेलियाजस्ता पुँजीवादी मुलुकमा बसाइँसराइ गराउने, अनि यता समाजवादको कुरा गर्ने?

तिनले भनेको समाजवादी कुरा लठ्ठक कार्यकर्ताहरूबाहेक अब कसले पत्याउने र! परम्परागत सामन्तवादी र जातिवादी जिन भएका यी नेताको चरित्र र चिन्तन एवं जीवनशैलीमा गुणात्मक र रसायनिक परिवर्तन नभएसम्म समाजवाद भनेको कुराको खेतीमात्रै हो। अरूले बनाइदिएको मञ्चमा टाउको पुरिनेगरी खादामाला लगाएर घोक्रो फुलाउँदै टयारटयार कराएर कार्यकर्तालाई ताली ठोक्न लगाउँदैमा समाजवाद आउँदैन।

### पुँजीवादको रहरलाग्दो आकर्षण

अहिले ९० प्रतिशत जनता यो मुलुकमा बस्नै चाहँदैनन्। छातीमा राष्ट्रियता बोकेर यही देशमा मर्न पाउँ भन्नेहरू आज पलायन भइरहेका छन्। आधारभूत शिक्षा पार गर्नासाथ युरोप-अमेरिकाको सपना बुन्छन्। किनकि, मानिसहरू भौतिक सुख सुविधाको भोको भइसकेका छन्, जुन युरोप र एसियाका केही विकसित मुलुकहरूलाई हेर्दा त्यहाँ पुँजीवादले नै पूरा गर्दै लगेका छन्। तिनै पुँजीवादी मुलुकहरूले सबैलाई अवसर दिँदै छ। शिक्षा, स्वास्थ्य र उनीहरूको बाँच्ने अधिकारको ग्यारेन्टी गर्दै लगेको छ। हामीले धारे हात लगाएर साम्राज्यवादी भनेका मुलुकहरूले नै आज म भोकै छु, बास छैन, सडकमा सुतेको छु भन्ने साना विषयहरूलाई समेत गम्भीररूपमा हेर्दछ। यसैले हामीले भनेको सालाखाला कुराको लागि समाजवाद-समाजवाद भन्नै पर्दैन, पुँजीवादले नै पूरा गर्दै आएको देखिन्छ।

### पुँजीपति वर्गसँगको सामीप्यता

अहिले मुलुकको वर्गचरित्र पुँजीपति नै छ। समाजवाद भन्नेहरू नै कतिपय पुँजीपति वर्गमा पर्दछन्। नपरेकाहरूसमेत ती वर्गचरित्रसँग सामीप्यता राख्दै आएका छन्। दिनभरि कार्यकर्तालाई समाजवादको पाठ सिकाउने रात परेपछि पुँजीपतीहरूसँग मोलमोलाइ गर्ने धेरै नेताहरूलाई हामीले चिनेका छौं। यिनै नेताहरूको आडमा दलाल पुँजीपतिहरूले उद्योग कलकारखाना, सहरी जमिन, शैक्षिक र स्वास्थ्य संरचना, वितीय संस्थाहरूदेखि संसद्सम्ममा हस्तक्षेप गरिरहेका छन्। पुँजीपति वर्गविना पार्टीहरूले चुनाव जित्नै सक्दैनन्। तिनै वर्गको स्वार्थ वरपर सरकार टिक्दै आएको छ। अझ सरकारले नै विदेशी दलाल पुँजीपतिलाई मुलुकमा लगानी गर्न आह्वान गर्नुपर्ने अवस्था छ। पुँजीवादीहरूकै अधीनमा हाम्रो सरकार र हामीलाई नेतृत्व गर्ने नेताहरू चल्दै आएका छन्। वर्षौं अथक योगदान दिएका कार्यकर्ताको अपमान गरेर कुनै दलाललाई टिकट दिएर संसद्मा पुऱ्याउँछन्, तिनीहरूबाटै चन्दा लिएर चुनाव लड्छन्, चुनाव जितेपछि तिनै दाताहरूले अह्राएको काम गर्ने गरेका छन्। यसरी कार्यकर्तालाई निराश र हतोत्साही बनाएर समाजवादी वर्गको विस्तार कसरी होला?

### दलाल पुँजीपतीहरूको बलियो सञ्जाल:

'विश्व असमानता इन्डेक्स, २०२१' ले नेपालको पुँजी १० प्रतिशत दलालहरूको हातमा ७६ प्रतिशत छ भने मध्यमवर्गमा १६ प्रतिशत र बाँकी आठ प्रतिशतमात्र सर्वसाधारणले आम्दानी गरिरहेका छन्। सो पुँजी बजारमा नछरेसम्म वा उत्पादनमा लगानी नभएसम्म यहाँ रोजगारी सम्भव छैन। जुन पुँजीवादीहरूले आफूले कमाएको नाफा हो, जसलाई तिनले सार्वजनिक हुनै दिँदैनन् भन्ने कुरा भर्खरैको प्याब्सन-एन्व्याप्सनको आन्दोलनले देखायो। स्वास्थ्य र शिक्षा क्षेत्रमा त यस्तो हविगत छ भने विशुद्ध नाफा कमाउनका लागि खोलिएका ठूला कम्पनी सञ्चालकहरूले मध्यम वर्ग वा निम्न वर्गका हितमा किन पुँजी छर्लान्?

यसैगरी हामीले कतिपयको जमिन खोसेर उत्पादनमा लगाउनुपर्ने हुन्छ। कतिपय राजनीतिक र प्रशासनिक संरचनाहरू नै भत्काउनुपर्ने हुन्छ। धेरै सरकारी संरचनालाई सर्वसाधारणमा लैजानुपर्ने हुन्छ, जुन गर्न गराउन यथास्थितिवादी कर्मचारी प्रशासन संयन्त्र तयार हुने छैन। बरू सरकार र अदालत नै किनेर यही पुँजीवादी व्यवस्थालाई टिकाइरहने छन्।

### समाजवादी वर्गको निर्माण कठिन

समाजवाद स्थापनाका लागि क्रान्ति गर्ने आँट भएका विशाल वर्गको निर्माण हुनुपर्दछ, जुन अहिले सम्भव छैन। 'मै खाउँ, मै लाउँ, सब भोग मै गरुँ' भन्ने यिनै नेताहरूको नेतृत्वमा त्यो वर्ग निर्माण हुनै सक्दैन। हाम्रा नेताहरू जनतालाई दुःख दिएर जनताको डरले पुलिसको चौघेराभित्र लुकेर हिँड्नुपर्ने अवस्था छ। मुलुकमा राणाकालदेखिका बेथितिहरू छन्, ती बेथितिलाई टिकाउन हाम्रो कर्मचारीतन्त्र एउटा बलियो जड भएर बसेको छ। त्यो जडलाई हल्लाउन आजसम्म कसैले सकेनौं। यी सबै बेथितिविरुद्ध एउटा सिंगो वर्ग तयार हुनुपर्दछ। त्यो बहुसंख्यक जनमत तयार पार्न नेताहरूको एउटै अठोट चाहिन्छ। तर, ह्रस्व-दीर्घमै पार्टी फुटाएर आफू सक्कली र अरू नक्कली देख्ने/देखाउने नेताहरूले जनतालाई एउटा छातामुनि गोलबन्द गर्न सक्लान्? म त सम्भव देख्दिनँ। अनि, त्यो वर्ग नै निर्माण गर्न सकिएन भने हामीले चाहेको समाजवाद कसरी आउला?

### निष्कर्ष:

तथापि, सबैभन्दा सुन्दर र प्रगतिशील विचार भनेको समाजवाद नै हो। यसकारण फेरि पनि अबको विकल्प त समाजवाद नै हो। अझ मार्क्सवादी समाजवाद, जुन विज्ञानमा आधारित छ। यस्तो समाजवादी व्यवस्थामा जनताद्वारा नियन्त्रित शासन हुन्छ, त्यसले जनताका लागि काम गर्दछ भने राज्यका स्रोत र स्वामित्व जनताको अपनत्व र साझेदारी हुन्छ। राज्यका उत्पादनका संरचनाहरूमा जनताको अपनत्त्व हुन्छ।

भोलि हाम्रो टेलिकम, विद्युत् प्राविधिककरण खाद्य संस्थान वा अन्य सरकारी संरचनाहरूमा सिधै जनताको लगानी र सुरक्षा हुन्छ। त्यसबेला उत्पादनका साधनहरू चलायमान हुन्छन्, बजार गतिशील हुन्छ। बजारले सिर्जना गरेको नाफाबाट जनता लाभान्वित हुने छन्। नागरिकको स्रोत, आम्दानी तथा पुँजीमा एकरूपता आउँछ। कसैले कसैको डाह, इगो र रिसइवी गर्ने आवश्यकता पर्दैन। कसैले कसैलाई हेलोहोचो गर्ने अवस्था रहने छैन। कोही गाडी, घोडामा चढ्ने वा कोही बाटोमा मकै पोलेर जीवन निर्वाह गर्दासमेत 'बालेन' जस्ता जनप्रतिनिधि आएर मुन्टयाउने अवस्था हुन्न। शिक्षा, स्वास्थ्य, पानी निःशुल्क हुन्छ। प्रत्येक नागरिकले श्रम गर्नैपर्ने हुन्छ। कोही श्रम गर्ने, कोही श्रममा जजमानी गरेर ढुलिमुली गर्ने हुन्न। हामीले खोजेको राज्य संरचना र व्यवस्था त्यही नै हो। तर, यो खालको एकल जातिवादी संरचना, मिठो कुराको खेती गर्ने बहुदलीय लोकतन्त्रका नाममा जनतालाई उद्वेलित बनाउने, भ्रममा जाकिरहने पद्धति, अनि यो निर्वाचन प्रणाली र शासकीय स्वरूपमा समाजवाद भनेको गफमामात्र सीमित हुने निश्चित छ।

# सर्पको डसाइबाट दुई बालिकाको मृत्यु, एक घाइते

**सुदूरपश्चिम–** कैलालीको गौरीगंगा नगरपालिका-७ महुलिया गाउँमा शुक्रबार राति ओछ्यानमा सुतिरहेको अवस्थामा सर्पको टोकाइबाट दुई बालिकाको मृत्यु भएको छ । बालिकाकी हजुरआमा अन्दाजी ७२ वर्षीया रिजु घर्तीमगरलाई सर्पले डसेको र उनको उपचार भइरहेको छ ।

मूलढोकामा रहेको प्वालबाट राति घरभित्र पसेको करेत नामक सर्पको डसाइबाट स्थानीय पाँच वर्षीया बालिका लिजा र छ वर्षीया काजल घर्तीमगरको मृत्यु भएको वडाध्यक्ष आशाराम डगौरा थारूले जानकारी दिए । करेतले पहिले ओछ्यानमा सुतेका दुवै बालिकालाई शरीरका दुई-तीन ठाउँमा डसेपछि बालिकाकी हजुरआमा रिजुको काँधमा डसेको थियो । शरीरमाथि हिँडिरहेको थाहा पाएपछि वृद्धा रिजुले सोही सर्पलाई हातले समातेर फ्याँक्ने बेला उनको हातमासमेत डसेको घटनास्थल पुगेका डगौरा थारूले बताए ।

'सुतिरहेका बालिकालाई सर्पले डसेको रहेछ भन्ने थाहा नहुँदा घाइते भएकी वृद्धालाई मात्र राति नै नेपाली सेनाको कैलालीको बडैपुरस्थित सर्पदंश उपचार केन्द्र पुऱ्याइएको थियो,' वडाध्यक्ष डगौरा थारूले भने, 'पछि दुई बालिकाले घरमा अचानक बान्ता गर्न थालेपछि उनीहरूलाई पनि सोही सर्पले डसेको थाहा भएको हो ।'

घाइते वृद्धालाई सर्पदंश उपचार केन्द्रबाट थप उपचारका लागि सेती प्रादेशिक अस्पताल धनगढीमा भर्ना गरिएको छ । मृतक बालिका घरमा आफ्ना हजुरआमा र हजुरबासँगै बस्ने गरेका थिए । बालिकाको बुबाको पहिले नै निधन भइसकेको र आमा कामको खोजीमा जिल्लाबाहिर रहेको बताइएको छ । गर्मीयाममा खासगरी तराईका जिल्लामा विषालु सर्पको डसाइले धेरै व्यक्तिको मृत्यु हुने गरेको छ ।

सर्पले डसेपछि घरमै झारफुक गराउने र अन्तिम अवस्थामा मात्रै अस्पताल लैजाने कतिपय समुदायको प्रवृत्तिले सर्पको टोकाइका बिरामीको मृत्यु हुने गरेको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी किशोर श्रेष्ठ बताउँछन् । अस्पतालमा सर्पको डसाइका बिरामीको निःशुल्क उपचार हुने गरेको छ । खानाको खोजीमा मानिसको घर वरिपरि आइपुग्ने सर्प काठ, इँटा वा ढुंगाको थुप्रो, दुलो, झाडी भएको ठाउँमा लुकेर बस्ने गर्छ । घर वरिपरि सरसफाइ गर्नमा लापरवाही गर्दा लुकेर बसेको सर्पले मानिसलाई डस्ने जोखिम रहन्छ । हिउँदयाममा जमिनमुनि लुकेर बस्ने सर्प गर्मीयाममा जमिनको सतहमा निस्किने गर्दछ ।

सर्पको टोकाइबाट हुनसक्ने जोखिम कम गर्न धनगढी क्षेत्रमा उपमहानगरपालिका कार्यालयको प्रहरी टोली (रेस्क्यु टोली) ले नगरवासीको घरपरिसरमा फेला पर्ने सर्पलाई समातेर जंगलमा लगेर छाड्ने गरेको छ । टोलीका प्रमुख प्रहरी निरीक्षक भूपेन्द्र खड्काले यो वर्षमात्र नगरपालिका क्षेत्रभित्र विभिन्न व्यक्तिको घरपरिसरबाट ७०० भन्दा बढी सर्प समातेर सुरक्षितरूपमा जंगलमा छोडिएको जानकारी दिए ।

'हालको गर्मी मौसममा दैनिक आठ वटासम्म सर्प समातेर जंगलमा छाड्ने गरेका छौं,' उनले भने, 'मानिसको घरको कोठा, काठको ऱ्याक, पुरानो फ्रिज, दराज र घरबारीमा भेटिने सर्प समात्ने गरेका छौं ।' सर्प समात्नका लागि सम्बन्धित परिवारले अनुरोध गरेलगत्तै आवश्यक सामग्रीसहित आफूहरूको 'रेस्क्यु टोली' परिचालित हुने गरेको उनले बताए । गर्मी मौसममा तराईका जिल्लामा गोमन, करेत, पानीसर्प, धामन, अजिंगर बिगबिगी हुने गर्छ । *रासस*



**गौरा पर्व सुरु** | गौराको पहिलो दिन शनिबार बिरुडा भिजाउँदै कञ्चनपुरको भीमदत्त नगरपालिका-१५ का व्रतालु महिला । सुदूरपश्चिमको मौलिक पर्व गौरा शनिबारदेखि विधिवत् रूपमा सुरु भएको छ ।

*तस्बिरः महादेव अवस्थी/रासस*

# बाढीबाट पशुचौपाया जोखिममा

**भजनी (कैलाली)–** भजनीका सूर्यप्रसाद चौधरीलाई अहिले आफ्नोभन्दा बढी चिन्ता पशुचौपायाको छ । एक हलगोरु, दुईवटा भैँसी पालेका सूर्यप्रसादलाई बाढीमा आफ्नो ज्यान जेनतेन चलाउन सके पनि चौपायाको आहारा खोज्न र सुक्खा ठाउँमा राख्न निकै समस्या छ । 'घरमा भएको पराल डुबानमा पऱ्यो । कतै ओभानो नभएपछि गोरु भैँसीलाई हुलाकी सडक छेउमा राखेका छौं,' उनी भन्छन्, 'जताततै डुबान छ । चौपायालाई खुवाउनलाई घाँस छैन । चरनका लागि ओभानो ठाउँ छैन ।'



वर्षात्को समयमा भजनीका अधिकांश क्षेत्र डुबानमा पर्ने गरेका छन् । यस वर्ष अहिलेको डुबान दोस्रोपटकको हो । यसअघि गत असार २० गते आएको एक पटक भजनी विस्थापित भइसकेको थियो । डुबानका कारण महिनौंसम्म त्यस क्षेत्रका नागरिक त्रासमा जनजीवन बिताउँदै आएका हुन्छन् । डुबान नहुने उच्च क्षेत्रको खोजीमा हुने बाढीपीडित पशुचौपाया र बालबालिकालाई सुरक्षामा बढी चिन्तित हुने गर्छन् ।

'कतिबेला डुबान हुन्छ पत्तै हुँदैन । यहाँ घाम लागेका बेला पनि बाढी आएको थुप्रै उदाहरण छन्,' स्थानीय जुगराम चौधरी भन्छन्, 'आफू त जसोतसो ज्यान जोगाउन विकल्प खोज्न सक्छौं तर बालबालिका र चौपायालाई व्यवस्थापन गर्न निकै तनाव हुन्छ ।' भजनीकै सागर चौधरीले यस वर्ष डुबानबाट समस्या नहुनेगरी उच्च स्थानमा घर निर्माण गरे । नगरपालिकाको आर्थिक सहयोगमा थप जनश्रमदान गरेर निर्माण भएको घर उच्च बन्यो तर जाने बाटो नहुँदा घर बनाएको कुनै अर्थ नभएको उनको भनाइ छ ।

'अहिलेसम्म बाढीले घर डुबानमा नपरे पनि घरसम्म जाने बाटो नहुँदा टयुबको सहारामा घर जानुपर्ने बाध्यता बन्यो,' उनले भने, 'घर वरिपरि डुबान हुँदा समस्या भएको छ ।' सोही ठाउँका चुल्लुरामले चौधरीले एक दर्जन बाख्रा, भैँसी र एक हल गोरु पालेको छ । उनलाई पनि बाढीमा पशुचौपाया जोगाउनकै चिन्ता छ । हुलाकी सडकमा आश्रय लिइरहेका उनले चौपाया पनि हुलाकी सडकमा सारेका छन् ।

'घरमा भएको चौपायाको आहारा सबै डुबानमा छ । कताबाट के ल्याएर चौपायाको पेट भर्ने भन्ने चिन्ता छ,' उनले भने, 'आफू चाउचाउ, चिउरा खाएर पनि दिन काट्न सकिने भए पनि चौपायालाई देखेर निकै पीडा हुन्छ ।' गोरु नभए खेती लगाउन र केही सामानको ढुवानी गर्न समस्या हुने गरेको बताउने चुल्लुराम बर्सेनिको पीडाले आजित बनाएको बताउँछन् ।

पशुचौपाया अनि बालबालिकासँगै त्यस क्षेत्रको अर्को महत्त्वपूर्ण समस्या पिउने पानीको पनि छ । बाढी र डुबानले जमिन सतह जलमग्न हुँदा पिउने पानीको व्यवस्थापन गर्न समस्या हुने गरेको स्थानीय पर्देशु चौधरी बताउँछन् । प्यास मेटाउन फोहोर पानी पिउनुपर्ने बाध्यतामा बाढीपीडित रहेको उनको भनाइ छ । 'पानीका स्रोत डुबानमा पर्दा पिउने पानी नपाउँदा समस्या हुने गरेको छ । बोतल पानी किनेर खानसक्ने सबैसँग क्षमता पनि छैन,' उनी भन्छन्, 'राज्यले खानेपानीको व्यवस्थापन गर्न सकेको भए पनि बाढी प्रभावितलाई दूषित पानी पिउनुपर्ने बाध्यता हुने थिएन ।'

भजनी नगरपालिकामा हालसम्म पाँचवटा खानेपानी आयोजना रहेको भए पनि एउटा खानेपानी आयोजनामात्रै सञ्चालनमा छ । सो आयोजनाले बजार क्षेत्र अर्थात् बाढीको जोखिम कम भएको क्षेत्रका उपभोक्तालाई सेवा प्रदान गरेको छ । 'समस्या कति छ भनेर साध्य छैन । वर्षात्ले भजनीमा दुःख ल्याएर आउने गरेको छ,' भजनी नगरपालिकाका नगरप्रमुख केवल चौधरी भन्छन्, 'स्थानीय तहले चाहेर भजनीको समस्या समाधान हुँदैन । संघ सरकारले हाम्रो व्यथालाई बुझ्न सकेको छैन ।' *रासस*

# गुरुङ सम्पदा पदमार्गको शुभारम्भ




■ **दिपा सुनुवार**

**काठमाडौं–** सडक सञ्जाल विस्तारसँगै पर्यटकीय पदमार्गहरू छोटिँदै गइरहेको बेला गुरुङ सम्पदा पदमार्गले नयाँ आशा जगाएको छ । विशेष गरेर विश्वकै उत्कृष्टमध्येको अन्नपूर्ण चक्रीय पदमार्गलाई पुनः ब्युँताउन सकिने संभावनालाई यस पदमार्गले उजागर गरेको छ ।

कास्कीको मादी गाउँपालिकाभित्र पर्ने तोंनीनासा (ताङतिङ) बाट सुरु भएर १० दिनमा मनाङको चामे गाउँपालिकास्थित तिमाङमा पुगेर पूरा हुने यस गुरुङ सम्पदा पदमार्गको गत जेठ २१ देखि ३० गतेसम्म गुरुङ पर्यटन व्यवसायी संघ नेपाल (जिटिन) गण्डकीको आयोजना र जिटिन केन्द्रको सहभागितामा खोज तथा अनुसन्धान कार्य सम्पन्न गरेको थियो ।

पदमार्गको खोज तथा अनुसन्धान कार्य सम्पन्न भएपछि जिटिन गण्डकीको आयोजनामा गुरुङ सम्पदा पदमार्गको पहिलोपटक पोखरामा सार्वजनिकीकरण गरिएको थियो । शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै जिटिन केन्द्रको तर्फबाट गुरुङ सम्पदा पदमार्गको शुभारम्भ गरियो । उक्त पदमार्गको नक्सा सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पदमार्गको शुभारम्भ गरेका हुन् ।

पदमार्गको योजनामा काम गरिरहेका इन्जिनियर, अन्वेषक, जिपिएसविज्ञ, सञ्चारविज्ञ, जिटिनका पदाधिकारी, पदप्रदर्शक तथा सहयोगीसहित ३३ जनाको समूहले गरेको यस खोज तथा अनुसन्धान कार्यले पदमार्ग सफल हुने सम्भावना उच्च रहेको निष्कर्ष निकालेको कार्यक्रममा जानकारी दिइयो । पदमार्गमा गर्नुपर्ने सुधार तथा निर्माण कार्यहरूको विस्तृत परियोजना प्रतिवेदनसमेत तयार पारेको छ ।

प्रकृति, संस्कृति र इतिहासको संगमको रूपमा रहेको यस पदमार्गले पदयात्रामा जाने जो कोहीलाई पनि मोहित बनाउनसक्ने देखिएको छ । त्यसैले यसको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वलाई असर नपर्ने गरी, प्राकृतिक सुन्दरता र जैविक विविधतालाई हानि नपुग्ने गरी पर्यटकीय पदमार्गको विकास र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ । यस पदमार्गका केही विशेषताहरू यस पदमार्गको बाटो भएर गण्डकी प्रदेशको एक प्रमुख आदिवासी समुदाय तमू (गुरुङ)का पुर्खाहरू अहिलेको बस्तीहरूमा फैलिएको भन्ने भनाइ रहेको छ । यस भनाइ गुरुङको पेलेमात्र होइन, क्होलासोंथरमा विभिन्न चरणमा देशी तथा विदेशी विशेषज्ञहरूले गरेको पुरातात्त्विक अध्ययनहरूले पनि प्रमाणित गरिसकेको जिटिनका पदाधिकारीहरूले बताएका छन् ।


**थाक्रे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**महादेवबेसी धादिङ**
**बागमती प्रदेश, नेपाल**

**आ.व. २०८१/०८२ को आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बिद्युतीय बोलपत्र (E–Bid) आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/३२), (दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/०१)**
**(तेस्रो पटक प्रकाशित मितिः २०८१/०४/२४), (चौथो पटक प्रकाशित मितिः २०८१/०५/०९)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (घ) तथा बागमती प्रदेश आर्थिक ऐन २०८० को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार थाक्रे गाउँ कार्यपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५ र राजस्व परामर्श समितिको मिति २०८१/०४/२२ गतेको सिफारिस, कार्यपालिकाको मिति २०८१/०४/२२ गतेको निर्णय अनुसार ठेक्का बन्दोबस्त भएको मिति देखि २०८२ असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित खोला, नदीनाला तथा खानी क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, माटो, क्रसरबाट निस्केको धुलो र इट्टाको कर तथा शुल्क संकलन कार्यको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा पत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्र र अख्तियारनामाको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सूचना नं./ बोलपत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व २०८१/०८२ का लागि कायम वार्षिक न्युनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| राजस्व/ ३/२०८१/०८२ | थाक्रे गाउँपालिका क्षेत्र भित्रबाट हुने निकासी | कर तथा शुल्क ढुङ्गा, गिट्टी, बालवा, रोडा, ग्राभेल प्रति क्युव फिट ७/- सात रुपैया), ग्राभेल प्रति क्युव फिट ७/- (सात रुपैया मात्र) माटो, प्रति क्युब फिट ३.५/- रुपैया तथा क्रसरको धुलो प्रति क्युब फिट २.५० (दुइ रुपैया पचास पैसा मात्र) प्रति ट्रीप इट्टा चार पाङ्ग्रे २००, ६ पाङ्ग्रे ५०० र १० पाङग्रे देखि ठूलो १०५० सम्म | ५,८३,२५,२९६६/- (अक्षरेपी पाँच करोड त्रियासी लाख पच्चीस हजार दुइ सय छयानब्बे रुपैयाँ मात्र) | १०,०००।- | कबाल अङ्कको ५ प्रतिशत |

**नोटः** शर्तहरु एवं थप जानकारीको लागि कार्यालयको वेबसाइट www.thakremun.gov.np वा www.bolpatra.gov.np मा हेर्नुहुन अनुरोध छ ।

***प्रमुख प्रशासकीय अधिकृत***



**साउदीमा रोजगार**

**कम्पनी : HATEM JARALLAH AL-MALIKI TRADING COMPANY.**
**शहर : Riyadh**

**पूर्व स्वीकृति मिति : २०८१/०५/०६** | **LT. No. 309116** | **चलानी नं. ६०२२३९८१**

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलव (SR) | मासिक तलव (ने.रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १६ गते (1st Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले | **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

प्रभाव दैनिक

रूपशाला




## विष्णु माझीको तीज गीत ‘आइन आमा’ सार्वजनिक

गायिका विष्णु माझीको तीज गीत सार्बजनिक भएको छ । हरेक बर्षमा तीजमा नयाँ गीत सार्बजनिक गर्ने गरेकी माझीले यस बर्षमा ‘आइन आमा यो तीजमा’ शिर्षकको गीत शनिबार सार्बजनिक गरेकी छन् । माझीको स्वर रहेको यो गीत सपना म्युजिक इन्डिजष्ट्रीज युट्युब च्यानलबाट शनिबार सार्बजनिक गरिएको छ । गीत सार्बजनिक भएको केहि घण्टामा नै माझीको यो गीतलाई करिब साढे तीन लाखले हेरिसकेका छन् । गीतको रचना र संगीत सुन्दर मणि अधिकारीको रहेको छ ।

आइतबार, ०९ भदौ २०८१ (Sunday, August 25, 2024)

# टिजरमा यस्तो देखियो ‘बेहुली फ्रम मेघौली’



■ प्रभाव संवाददाता

**काठमाडौं** – निर्देशक तथा अभिनेता निश्चल बस्नेत र अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका रहेको फिल्म ‘बेहुली फ्रम मेघौली’को टिजर सार्वजनिक भएको छ । हलमा गत हप्ता नै रिलिज भएको टिजरले नेपाली समाजमा पछिल्लो समय चलनचल्तीमा रहेको विवाह संस्कृतिलाई कथा बनाएको झल्काउन खोजिएको छ ।

अभिनेता निश्चल बस्नेत अस्ट्रेलिया रिटर्न युवाको रूपमा प्रस्तुत गरिएको फिल्ममा अभिनेत्री स्वस्तिमा खड्कालाई विवाहको लागि दुलहा खोजिरहेकी ३० वर्षीय युवतीको रूपमा रहेको टिजरमा देख्न सकिन्छ । सामाजिक कथामा कमेडी मिश्रित फिल्मको टिजरले दर्शकमाझ उत्सुकता पैदा गर्न सफल देखिन्छ ।

फिल्ममा निश्चल र स्वस्तिमाका अलावा वसुन्धरा भुषाल, बिजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु बिष्ट, आमिर गौतम, शिशिर सिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, लुनिभा तुलाधर, मुकुन्द मैनाली र रामबाबु रेग्मीको अभिनय छ । फिल्म दसैँको घटस्थापना अर्थात् असोज १७ गतेबाट प्रदर्शनमा आउँदै छ ।

ब्ल्याक हर्स पिक्चर्स र मेघौली फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन रहेको छ । फिल्मका कार्यकारी निर्माता फिरोज खड्का र शंकर पाण्डे हुन् । नरेन्द्र मैनालीको छायाङ्कन, प्रदीप लामा र केवीका खत्रीको कोरियोग्रफी, जयन जे वाइवा र कुशल पोखरेलको सङ्गीत, निमेष श्रेष्ठको सम्पादन रहेको फिल्मलाई एप्पल इन्टरटेनमेन्ट र डिसिएनले वितरण गर्दै छन् ।

# सोमबार टुँडिखेलमा गौरा विशेष कार्यक्रम हुँदै

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौंको टुँडिखेलमा यही भदौ १० गते गौरा विशेष कार्यक्रम हुने भएको छ । प्रसंसा संरक्षण समूहले विगत २७ वर्षदेखि गर्दै आएको गौरा विशेष कार्यक्रम यस वर्ष पनि आयोजना गरिने सांस्कृतिक विभाग प्रमुख एवं निर्तमान अध्यक्ष यज्ञराज उपाध्यायले बताए ।

कार्यक्रममा देउडा खेल, छलिया, पुतला, गौरा, ठको खेल, छलो, भुवोलगायत सांस्कृतिक प्रस्तुति रहने उपाध्याय जनाए । सांस्कृतिक कार्यक्रम र देउडा खेल बिहान ११ बजेबाट सुरु हुने उनको भनाइ छ । औपचारिक कार्यक्रम भने दिउसो २:३० बाट सुरु हुने छ । उपाध्यायका अनुसार दिउसो १:३० बजे भद्रकालीबाट सांस्कृतिक र्‍यालीसहितको टोली टुडिखेल प्रवेश गर्ने छ ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा, कर्णाली र सुदूरपश्चिमका राजनीतिक दलका नेताका साथै कलाकारहरूको सहभागीता रहने उपाध्यायले जनाएका छन् । उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि कार्यक्रमको निमन्त्रणा पठाइएको र आउनेबारे एकिन भइनसकेको जानकारी दिए ।

# सिके राउतको ‘वैरागदेखि बचावसम्म’

■ प्रभाव संवाददाता




**काठमाडौं–** डा. सिके राउतको आत्मकथा ‘वैरागदेखि बचावसम्म’ लोकार्पण भएको छ । आज राजधानीमा एक कार्यक्रमबीच पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र डा. राउतले लोकार्पण गरेका हुन् ।

आत्मकथाले डा. राउतको जीवन संघर्ष र अविच्छिन्न राजनीतिको पाटोलाई उजिल्याएको भट्टराईले बताए । उनले भने, ’कुनै समय मधेसलाई स्वायत्त राज्य माग गर्ने सिकेजीले किन त्यसो भन्नुभएको रहेछ भन्ने थाहा पाउन यो किताब पढ्नुपर्छ । किताबमा सिकेजीको मात्रै संस्मरण नभएर समग्र मधेस र मधेसीप्रति राज्यले सदियौंदेखि गरेको फेहरिस्त समेटिएको छ ।’ साथै डा. भट्टराईले जीवनमा चुनौतीलाई पार गर्दै अघि बढ्न यो किताब विशेष गरी युवापुस्ताले पढ्नुपर्ने बताए ।

आफ्नो पुस्तक इतिहासको कालखण्डको एउटा तस्बिर भएको डा. राउतले बताए । पुस्तक कुनै समयमा प्रकाशन गरेपछि राज्यविप्लवको अभियोगमा जेल गएको संस्मरण उनले सुनाए । उनले भने, ’पढाइ सकाएर अध्यापनमा रहँदासमेत हेपिएको, उत्कृष्ट अंक ल्याएर राजाबाट महेन्द्र विद्याभूषण पाउँदा दौरासुरुवाल नलगाई जान खोज्दा नपाएको जस्ता घटनाले तत्कालीन समयमा रहेको मधेसीलाई हेर्ने प्रवृत्ति देखाउँछ । वीर गोर्खाली भनेर अनेकन कविता लेख्ने आफू समयक्रममा मधेसको पहिचान कसरी बन्न पुगें भन्ने रुचीकर कथा यस पुस्तकमा छन् ।’

आफू अध्यात्म र राजनीतिको सम्बन्धको खोजीमा समेत रहेको डा. राउतले बताए । समाज उन्नतिको लागि तत्कालमा राजनीति गरे पनि दीर्घकालीन बोध अध्यात्म रहेको उनले बताए । जन्मदेखि पूर्णकालीन राजनीतिमा नआइसक्दासम्मका डा. राउतका भोगाइ समेटिएको पुस्तक बुकहिलले प्रकाशन गरेको हो । यसको पाठक मूल्य पातलो गाता ५९९ रूपैयाँ र मोटो गाता ७९९ रूपैयाँ रहेको छ ।

रंगशाला

# पिनाकललाई क्रिकेट उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** एइसिसी प्रथम इन्टर कलेज इन्डोर क्रिकेट प्रतियोगिताको उपाधि पिनाकल एकेडेमीले जितेको छ । हाइप यति इभेन्ट्सको आयोजनामा सम्पन्न प्रतियोगिताको फाइनलमा पिनाकलले हिमालयन व्हाइट हाउसलाई चार रनले पराजित गऱ्यो ।

चुनिखेलस्थित रोयल स्पोर्ट्स पार्कमा सम्पन्न खेलमा पिनाकलले दिएको ९९ रनको लक्ष्य पछ्याएको हिमालयन व्हाइट हाउस कलेजले पूरा १० ओभर ब्याटिङ गर्दै ६ विकेट गुमाएर ९४ रन मात्र बनाउन सक्यो ।

लक्ष्य पछ्याउने क्रममा हिमालयन व्हाइट हाउसको लागि नितिश मोक्तानले सर्वाधिक ३८ रन बनाए । मोहम्मद रियाजले १८ रन बनाए । पिनाकलको बलिंगमा अभिषेक थापाले सर्वाधिक ३ विकेट लिए । प्लेयर अफ द फाइनल समेत घोषित भएका थापाले ३ ओभरमा २२ रन खर्चिए । यस्तै अपराजित पौडेलले २ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको पिनाकलले निर्धारित १० ओभरमा ४ विकेट क्षेतीमा ९८ रन बनायो । पिनाकलको लागि अभिषेक थापाले सर्वाधिक २४ रन बनाए ।यस्तै संदेश खड्काले १८, हिमाल बिस्टले १६ तथा अपराजित पौडेलले १३ रन बनाए । व्हाइट हाउसका जीवन कार्कीले २ विकेट लिए ।

विजेता पिनाकल कलेजले ५० हजार रूपैयाँ, उपविजेताले ३० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । यसअघि सम्पन्न पहिलो सेमिफाइनलमा पिनाकलले सिक्षान्तर कलेजलाई १२ रनले तथा हिमालयन व्हाइट हाउसले एभीएस स्कुललाई २६ रनले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको थियो ।

प्रतियोगिताको उत्कृस्ट खेलाडी पिनाकल एकेडेमीका अभिषेक थापा घोषित भए । यस्तै उत्कृस्ट ब्याटर शिक्षान्तर कलेजका कृष शाही ठकुरी, उत्कृस्ट बलर पिनाकल एकेडेमीका अभिषेक थापा, यस्तै उत्कृस्ट फिल्डर हिमालयन व्हाइट हाउसका नितिश मोक्तान घोषित भए । विजेता खेलाडीहरूले मुख्य प्रायोजक एईसीसी, क्यालीबर सुज, गोपाला फ्रेसोको तर्फबाट गिफ्ट ह्याम्पर, मेडल तथा सर्टिफिकेट पाए ।

विजेता खेलाडीहरूलाई नेपाल विद्यार्थी संघ काठमाडौंका अध्यक्ष मनिष डंगोल, ई-स्पोर्ट्स एसोसीएसन नेपालका सचिव अधिराज रेग्मी, नेपाली कांग्रेसका युवा नेता सचिन तिमल्सिना तथा मिस्टर नेपाल २०१९ डा. सन्तोष उपाध्याय पुरस्कार प्रदान गरे । ४ दिनसम्म चलेको प्रतियोगितामा ३२ वटा टिमहरूको सहभागिता रहेको थियो ।

# सिरहा ताप्लेजुङ गोल्डकपको फाइनलमा

■ प्रभाव संवाददाता



**फुङलिङ–** अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको आज भएको दोस्रो सेमिफाइनल खेलमा सहलेश फुटबल क्लब सिरहा फाइनलमा प्रवेश गरेको छ । चार-दुई गोलअन्तरले बिर्तामोड फुटबल क्लब झापालाई पछि पार्दै सिरहा फाइनलमा प्रवेश गरेको हो ।

खेलको १८औँ मिनेटमा सहलेश फुटबल क्लबका खेलाडी जुना ग्लोरीले पहिलो गोल गरेका थिए । त्यस्तै प्रतिरक्षाका लागि खेल सुरु भएको ५६औँ मिनेटमा बिर्तामोड क्लबका खेलाडी सञ्जय सुब्बाले गोल गरेसँगै खेल बराबर भएको थियो । निर्धारित समयमा बराबर भएपछि १५ मिनेट समय थप गरिएको थियो । थप समयमा पनि गोल हुन नसकेपछि पेनाल्टीमा ४-२ गोलअन्तरले सिरहा फाइनलमा प्रवेश गरेको हो । सिराहाका खेलाडी जय गुरुङ, आदित्य शाक्य, सन्तोष खत्री र प्रवेश दनुवारले गोल गरेका थिए । त्यस्तै झापाका खेलाडी प्रदीप भण्डारी र रोहन कार्कीले मात्र गोल गर्दा खेल सिरहाको पक्षमा भएको थियो ।

झापाले विभागीय टिम त्रिभुवन आर्मीलाई र सिरहाले पाँचथरलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका हुन् । शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा ताप्लेजुङको सङ्घर्ष स्पोर्टिङ फुटबल क्लबलाई २-१ ले पराजित गर्दै सगरमाथा युथ क्लब मोरङ फाइनलमा प्रवेश गरेको छ । सोमबार मोरङसँग फाइनल खेलमा प्रतिस्पर्धा गर्नेछन् । विजेताले पाँच लाख र उपविजेताले दुई लाख ५० हजार पाँच सय ५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# शिखर धवनले लिए क्रिकेटबाट सन्यास

■ एजेन्सी




**काठमाडौं–** भारतीय क्रिकेटर शिखर धवनले अन्तर्राष्ट्रिय र घरेलु क्रिकेटबाट सन्यासको घोषणा गरेका छन् । उनले शनिबार बिहान सामाजिक सञ्जाल वेबसाइट एक्समा पोस्ट गर्दै यो जानकारी दिएका हुन् । शिखर धवनले ३४ टेस्ट र १६७ ओडीआई खेलेका छन् । उनले एकदिवसीय खेलमा ६७९३ रन बनाएका छन् भने टेष्टमा ५८ इनिङ्समा २३१५ रन बनाएका छन् ।

शिखर धवनले भने, ‘आज म यस्तो बिन्दुमा उभिएको छु जहाँबाट फर्केर हेर्दा सम्झना मात्रै देख्छु र अगाडि हेर्दा सारा संसार देख्न सक्छु । मसँग सधैं भारतका लागि खेल्ने एउटै गन्तव्य थियो र त्यो पनि भयो जसको लागि म धेरै मानिसहरूलाई धन्यवाद दिन्छु ।’

शिखर धवनले आफ्नो परिवार, बाल्यकालका प्रशिक्षक, भारतीय टोली, बीसीसीआई, डीडीसीए र फ्यानहरूलाई धन्यवाद दिएका छन् । उनले आफ्नो क्रिकेट यात्रालाई अलविदा गर्दै भारतबाट खेलेकोमा आफ्नो मनमा शान्ति रहेको उल्लेख गरेका छन् ।

# महिलालाई सार्वजनिक रूपमा बोल्न र अनुहार देखाउन तालिबानले लगायो प्रतिबन्ध



**काबुल–** तालिबान सरकारको मन्त्रालयले महिलालाई सार्वजनिकरूपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध गर्ने नयाँ कानुन लागू गरेको ग्लोबल न्युजले जनाएको छ । यो कानुनले अफगानिस्तानमा महिलाको जीवन अझ सीमित गर्ने भएको छ ।

अफगानिस्तानमा तालिबानको कब्जापछि सन् २०२१ मा स्थापना भएको 'सद्गुणको प्रचार र दुराचारको रोकथाम' मन्त्रालयले बुधबार नयाँ कानुन जारी गरेको हो । कूल ११४ पृष्ठको कानुनी दस्तावेजले अफगानिस्तानको सार्वजनिक जीवनका पक्षहरूलाई समेटेको छ । मन्त्रालयका प्रवक्ता मौलवी अब्दुल गफर फारूकले बिहीबार भने, 'हामी आश्वासन दिन्छौं कि यो इस्लामिक कानुनले सद्गुणको प्रवर्द्धन र दुराचार उन्मूलनमा ठूलो मद्दत गर्ने छ ।'

दस्तावेजको धारा १३ मा महिलाले सार्वजनिकरूपमा प्रस्तुत हुँदा कसरी लुगा लगाउनुपर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ । महिलाले आफू प्रलोभनमा नपर्न र अरूलाई प्रलोभनमा नपार्न सार्वजनिक रूपमा प्रस्तुत हुँदा अनुहारसहित आफ्नो सम्पूर्ण शरीर ढाक्न आवश्यक रहेको नयाँ कानुनले जनाएको छ । महिलाहरूले सामान्यतया लगाउने हिजाब जसले कपाल र घाँटीमात्र ढाक्छ अब नयाँ कानुनअनुसार स्वीकार्य नभएको ग्लोबल न्युजले जनाएको छ ।

महिलाको आवाज बढी 'लालाहित' हुने व्याख्या गर्दै नयाँ कानुनले अब महिलालाई सार्वजनिकरूपमा गाउन वा चर्को स्वरमा बोल्न निषेध गरेको छ । महिलालाई रगत वा विवाहद्वारा सम्बन्धित नभएका पुरुषलाई हेर्ने अनुमति नभएको व्याख्या नयाँ कानुनले गरेको छ । यी नियमहरू उल्लंघन गर्दा सजायस्वरूप सम्पत्ति जफत वा तीन दिनसम्म हिरासतमा राख्न सकिने चेतावनी दिइएको छ । मन्त्रालयले पहिले नै समान नैतिक मापदण्डहरू लागू गर्दै यसको उल्लंघनका लागि हजारौंलाई हिरासतमा लिएको छ ।

ह्युमन राइट्स वाचको महिला अधिकार विभागका सहयोगी निर्देशक हिथर बारले नयाँ नियमको टिप्पणी गर्दै भने, 'यी नियमहरू पहिले नै थिए तर औपचारिक थिएनन्, अब औपचारिक बनाइएको छ । मलाई लाग्छ यो हामीले विगत तीन वर्षदेखि देखिरहेका कुराको संकेत हो, दमनको क्रमिक वृद्धि हो ।'

तालिबानले अफगानिस्तान कब्जा गरेदेखि महिलाको स्वतन्त्रतामा कडा प्रतिबन्ध लगाउदै आएको छ । सन् २०२२ मा तालिबानले महिलाहरूलाई छैटौं कक्षाभन्दा माथि विद्यालय जानबाट प्रतिबन्ध लगाएको थियो ।

त्यसैगरी सन् २०२२ मा तालिबानले महिलालाई गैरसरकारी संस्था (एनजिओ)मा काम गर्न प्रतिबन्ध लगाएको थियो । ग्लोबल न्युजसँग कुरा गर्ने एक महिलाले एनजिओमा जागिर गुमाएपछि आफ्नो परिवार गरिबीमा डुबेको बताएका छन् ।

'म मेरो परिवारको आर्थिक भार बोक्ने एकमात्र आधार हुँ । हामी परिवारमा चारजना मात्रै छौंः म, मेरी बहिनी र मेरा आमाबाबु । मेरो बुबा अहिले बिरामी हुनुहुन्छ । हामीलाई बिहान बेलुका खान पनि समस्या छ,' उनले भने । महिलामाथि लगाइएको नयाँ प्रतिबन्धका अतिरिक्त बुधबार पारित भएको कानुनले संगीत बजाउन पनि निषेध गरेको छ । यसले पुरुषलाई दाह्री काट्न पनि निषेध गरेको छ । यस कानुनले चालकहरूलाई पुरुष अभिभावकविना महिलालाई ओसारपसार गर्न निषेध गरेको छ ।

गत महिना संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनले मन्त्रालयले आफ्नो आदेश र कार्यान्वयन विधिमार्फत अफगानीबीच डर र धम्कीको वातावरणलाई बढावा दिइरहेको संकेत गरेको थियो । तालिबानले संयुक्त राष्ट्रसंघको प्रतिवेदनलाई अस्वीकार गरेको छ । रासस/एएनआई



ड्रोनबाट लिइएको बंगलादेशको कुमिल्लाको बाढी प्रभावित गाउँ । बंगलादेशका केही भागमा आएको बाढीका कारण १३ जनाको मृत्यु भएको छ, लाखौं मानिस प्रभावित भएका छन् र धेरै परिवार विस्थापित भएका छन् । *तस्बिरः सिन्ह्वा*

# कायरोमा जारी गाजा युद्धविराम वार्तामा प्रगति भइरहेको अमेरिकाको दाबी

**गाजापट्टी (प्यालेस्टिनी क्षेत्र)–** संयुक्त राज्य अमेरिकाले शुक्रबार इजिप्टको सीमामा इजरायली सेनाको उपस्थिति प्रमुख अवरोधका रूपमा देखापरेपछि गाजा युद्धविराम वार्ताको पछिल्लो चरणमा प्रगति भएको अमेरिकाले बताएको छ ।

'युद्धविराम वार्ताको पछिल्लो चरणमा प्रगति भएको छ । अब दुवै पक्ष एकजुट भएर सम्झौता कार्यान्वयन गर्न आवश्यक छ,' अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताए ।युद्धविरामका लागि जारी कूटनीतिक पहल असफल भएको हल्ला गलत रहेको र बिहीबारबाट सुरु भएको प्रारम्भिक वार्ता रचनात्मक प्रकृतिको भएको उनले बताए ।

एक इजिप्टियन स्रोतले इजिप्ट र कतारी गुप्तचर प्रमुखले पनि वार्तामा भाग लिइरहेको एएफपीलाई जानकारी दिएको छ । 'आइतबारदेखि सुरु हुने विस्तृत चरणको वार्ताको तयारीका लागि मध्यस्थकर्ताबीच कायरोमा छलफल भइरहेको छ,' स्रोतले भन्यो, 'वासिङ्टनले मध्यस्थकर्तासँग इजरायल र हमासबीचको अन्तर कम गर्न र योजना कार्यान्वयन गर्ने संयन्त्रका लागि नयाँ प्रस्तावबारे छलफल गरिरहेको छ ।'

ह्वाइट हाउसका अनुसार अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल-सिसी र कतारी अमिर शेख तमीम बिन हमद अलथानीसँग टेलिफोनमा आगामी वार्ताका बारेमा छलफल गरेका थिए । इजिप्टलगायत मध्यस्थकर्ताले गाजामा जारी १० महिनाभन्दा बढीको युद्ध अन्त्य गर्ने सम्झौतामा पुग्न महिनौंदेखि पहल गरिरहेका छन् । *रासस/एएफपी*

# अमेरिकाद्वारा युक्रेनलाई थप सैन्य सहयोगको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीसँगको वार्ताका क्रममा कियभका लागि १२ करोड ५० लाख डलर मूल्यको थप सैन्य सहयोगको घोषणा गरेका छन् । बाइडेनले युक्रेनका लागि सैन्य सहायताको घोषणा गर्दा आफूलाई गर्व लागेको विज्ञप्तिमार्फत जनाएका छन् ।

सहयोगमा युक्रेनको महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न हवाई रक्षा मिसाइल समावेश छन् । अमेरिकाले रूसको विकसित रणनीतिविरुद्ध रक्षा गर्न 'काउन्टर-ड्रोन' उपकरण र 'एन्टी-आर्मर' मिसाइल, युक्रेनी सैनिकको प्रतिरक्षाका लागि गोलाबारुदलगायत मोबाइल रकेट प्रणाली सहयोग गरेको जनाएको छ ।

बाइडेनले अमेरिका युक्रेनी स्वतन्त्र जनताको साथमा रहेको उल्लेख गरे । युक्रेनी राष्ट्रपति जेलेन्स्कीले अमेरिकी सैन्य सहायताको घोषणाको प्रशंसा गर्दै युक्रेनमा विशेषगरी हवाई रक्षाको तत्काल आवश्यकता रहेको सामाजिक सञ्जाल एक्समार्फत बताएका छन् । अमेरिकाले युक्रेनलाई एक प्रमुख सैन्य समर्थक भई सन् २०२२ फेब्रुअरीमा रूसले आक्रमण सुरु गरेदेखि ५५ अर्ब डलरभन्दा बढी हतियार, गोला बारुद र अन्य सुरक्षा सहायता प्रदान गरिसकेको छ । *रासस/एएफपी*

# डब्ल्युएचओले घोषणा गऱ्यो 'एमपक्स' नियन्त्रण योजना



**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले शुक्रबार एमपक्स भाइरसको नयाँ अधिक संक्रामक 'क्लेड-१ बी' भेरियन्ट नियन्त्रणका लागि आगामी छ महिनामा कम्तीमा १३ करोड ५० लाख अमेरिकी डलरबराबर लागतको प्रकोप नियन्त्रण योजना घोषणा गरेको छ ।

डब्ल्युएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले डब्ल्युएचओका सदस्य राष्ट्रलाई सम्बोधन गर्दै भने, 'एमपक्सको नियन्त्रण सम्भव छ भन्ने कुरा स्पष्ट छ, तर यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक छ ।'

यो छ महिना अवधिको प्रकोप नियन्त्रण योजनाका लागि १३ करोड ५० लाखभन्दा कम अमेरिकी डलर आवश्यक पर्ने उनले बताए । एमपक्सको बढ्दो संक्रमणलाई मध्यनजर गर्दै गत हप्ता डब्ल्युएचओले यसलाई सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको थियो । *रासस/क्युएनए*

# बाढीले विस्थापित करिब तीन लाख बंगलादेशी आपत्कालीन आश्रयस्थलमा

**बंगलादेश–** भारी वर्षाले निम्त्याएको बाढीका कारण विस्थापित भएका करिब तीन लाख बंगलादेशी नागरिकले आपत्कालीन आश्रयमा शरण लिइरहेको विपद् व्यवस्थापन अधिकारीहरूले शनिबार बताएका छन् ।

भारी मनसुनी वर्षाका कारण यस हप्ताको सुरुदेखि बंगलादेश र भारतमा कम्तीमा ४२ जनाको मृत्यु भएको स्रोतले जनाएको छ । आफ्नो घर पूर्णरूपमा डुबानमा परेकाले आश्रयस्थलमा बस्नुपरेको भारतको त्रिपुरा राज्यको सीमा नजिकैको सबैभन्दा बढी प्रभावित जिल्लाका बासिन्दा लुफ्टन नाहरले फेनीको राहत आश्रयस्थलबाट बताए ।

सयौं नदीले घेरिएको बंगलादेशमा पछिल्लो समय बारम्बार बाढीले जनजीवन प्रभावित पारिरहेको छ । बाढीका कारण राजधानी ढाकालगायत मुख्य बन्दरगाह सहर र चटगाउँबीचको राजमार्ग तथा रेलवे क्षतिग्रस्त हुँदा बाढी प्रभावित जिल्लामा पुग्न गाह्रो भएको छ भने व्यापारिक गतिविधिमा पनि बाधा पुगेको छ ।

बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र कोक्स बजार हो, जहाँ छिमेकी म्यानमाका करिब १० लाख रोहिंग्या शरणार्थीको बसोबास रहेको छ । विपद् व्यवस्थापन मन्त्रालयका सचिव मोहम्मद कामरुलअनुसार बंगलादेशमा बाढीका करण थप १८ जनाको मृत्यु भएको छ । उनले बाढीका कारण ४५ लाख मानिसको जनजीवन प्रभावित भएको र तीमध्ये दुईलाख ८५ हजार मानिस आपत्कालीन आश्रयमा बसिरहेको बताएका छन् । *रासस/एएफपी*

# महोत्सवमा छुरा आक्रमणः तीन जनाको मृत्यु, चार घाइते



**सोलिनजेन (जर्मनी)–** पश्चिमी जर्मनीको सोलिनजेन सहरमा शुक्रबार आयोजित एक उत्सवमा छुरा आक्रमण हुँदा तीन जनाको मृत्यु हुनुका साथै चारजना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीले संदिग्ध आक्रमणकारीको खोजी जारी राखेको बताए पनि यो समाचार तयार पार्दासम्म आतंककारीबारे कुनै विस्तृत विवरण प्राप्त नभएको बताइएको छ । प्रहरीले फोटो र भिडियोसहित अनलाइन पोर्टलमार्फत शुक्रबार राति भएको आक्रमण के कति कारणले भएको हो, सोबारे अनुसन्धान गरिरहेको डुसेलडोर्फ सहरका एक प्रहरी प्रवक्ताले बताए ।

आक्रमणलगत्तै विशेष प्रहरी बलको टोली हेलिकप्टरसहित घटनास्थलमा पुगेको थियो । आक्रमणकारीले मानिसहरूलाई अन्धाधुन्ध छुरा प्रहार गरेको बिल्ड दैनिकले जनाएको छ । सोलिनजेन सहरको ६५०औं वार्षिकोत्सवका अवसरमा आयोजित महोत्सवमा सो आक्रमण भएको हो । सोलिनजेनका मेयर टिम-ओलिभर कुर्जबाचले घटनाबाट सम्पूर्ण सहर स्तब्ध भएको बताए ।

'हामी सबै मिलेर सहरको वार्षिकोत्सव मनाउन चाहन्थ्यौं तर अहिले अप्रिय घटना भयो, यस घटनामा मृत्यु हुनेप्रति शोक व्यक्त गरिरहेका छौं,' कुर्जबाचले भने । कुर्जबाचले घटनास्थलमा गरेको कामका लागि आपत्कालीन सेवालाई धन्यवाद दिए र आक्रमणको प्रत्यक्षदर्शीप्रति सहानुभूति प्रकट गरेका छन् । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : MOHAMMED ABDULLAH HASHEM AL HARAZI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309405 | चलानी नं. ६०२२४०२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 15 | 0 | 1800 | ६३,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १६ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GR MANPOWER Service Pvt. Ltd. श्रम ईजाजत नं. ८६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## साउदीमा रोजगार

कम्पनी : COOL AIR TECHNOLOGY CORPORATION FOR AIR CONDITIONING AND REFRIGERATION
शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | LT. No. 309458 | चलानी नं. ६०२२४०६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOADING AND UNLOADING | 1 | 0 | 1000 | ३५,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १६ गते (1st Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT. LTD. Govt. License 1638/080/81

**TESLA OVERSEAS PVT.LTD.**

Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५१४०० | प्रति तोला - - | प्रति तोला - १८१५ |

# टरीगाउँ विमानस्थल स्तरोन्नतिका लागि प्रधानमन्त्रीलाई आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष दाङका राजनीतिक नेता, सांसद र स्थानीय तहका जनप्रतिनिधि एवं निजी क्षेत्रका अगुवाले तुलसीपुरको टरीगाउँ विमानस्थल स्तरोन्नतिसहित जिल्लाको समग्र आर्थिक र भौतिक विकासबारे ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री निवासमा भएको भेटमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेल, सङ्घीय सांसदहरू दीपक गिरी र मेनका पोखरेल, एमाले केन्द्रीय सदस्य घनश्याम पाण्डे, तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्का, उपप्रमुख स्यानी चौधरीलगायत थिए ।

मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले उक्त विमानस्थल स्तरोन्नतिका साथै लमही-घोराही-तुल्सीपुर सडक विस्तारमा सरकारले ध्यान दिने प्रतिबद्धता व्यक्त गरे ।

# एक महिनामा साढे तीन अर्बको 'स्मार्टफोन' आयात

■ प्रभाव संवाददाता

**काठमाडौं –** चालु आर्थिक वर्ष २०८१/ ८२ को पहिलो महिना नेपालले कुल रु एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु एक खर्ब १६ अर्ब १५ करोडको घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कअनुसार गत साउनमा नेपालले रु एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख बराबरको वस्तु आयात गर्दा रु १२ अर्ब २२ करोड ६१ लाखको मात्रै निर्यात गरेको हो ।

विभागका अनुसार गत आर्थिक वर्षको सोहि अवधिको तुलना चालु आवको पहिलो महिनामा आयात शून्य दशमलव ६७ प्रतिशतले घटेको छ भने निर्यात नौ दशमलव ६३ प्रतिशतले घटेको छ । गत साउन महिनामा नेपालले भारतसँग मात्र रु ७० अर्ब १० करोड ४२ लाख बराबरको व्यापार घाटा व्यहोरेको विभागले जनाएको छ ।

चालु आवको पहिलो महिना भारतबाट रु ७७ अर्ब ६८ करोड ३१ लाख बराबरको आयात हुँदा रु सात अर्ब ५७ करोड ८८ लाखको निर्यात भएको हो । नेपालले दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने अर्को छिमेकी मुलुकसँग यस




अवधिको व्यापार घाटा रु २४ अर्ब ३८ करोड ४७ लाख बराबर छ । गत साउनमा चीनबाट रु २४ अर्ब ५४ करोड २३ लाखको आयात हुँदा रु १५ करोड ७६ लाख बराबरको मात्रै निर्यात भएको हो । कतार, युक्रेन, अस्ट्रेलिया, बहराईन, मलेसियालगायतका मुलुकसँग पनि नेपालको व्यापार घाटा उच्च छ ।

चालु आवको पहिलो महिनामा नेपालले वैदेशिक व्यापार गरेका मुलुकहरूमध्ये १३ मुलुकसँग भने व्यापार नाफा छ । सबैभन्दा धेरै संयुक्त अधिराज्यसँग रु १८ करोड ३४ लाख ६६ हजार बराबर व्यापार नाफा देखिएको हो । अफगानिस्तान, बेल्जियम, रुस, मौसिरसलगायत मुलुकसँग व्यापार नाफा देखिएको छ ।

नेपालले बढी आयात गर्ने वस्तुहरूमा पेट्रोलियम पदार्थ, फलामजन्य वस्तु, स्मार्टफोन, कच्चा सूर्यमुखी तेललगायत छन् ।

गत एक महिनामा मात्र नेपालले रु छ अर्ब ९८ करोड ७१ लाख बराबरको डिजेल, रु पाँच अर्ब ६९ करोड ३५ लाख बराबरको पेट्रोल र रु चार अर्ब ८२ करोड ६६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ ।

त्यस्तै, साउनमा रु तीन अर्ब ४६ करोड ६३ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ । नेपालले बढी निर्यात गरेका वस्तुहरूमा भने कार्पेट, चिया, स्टील, धागोलगायत छन् । गत साउनमा नेपालले रु एक अर्ब ११ करोड ७५ लाख बराबरको कार्पेट निर्यात गरेको छ ।

# 'जनताको निराशा अन्त्य गर्न जरुरी'

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकले राखेको आर्थिक विकासको लक्ष्य पूरा गर्न ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रको विकास आवश्यक रहेको बताएका छन् । मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री खड्काले मुलुकले राखेको आर्थिक विकासको लक्ष्य पूरा गर्न कर्मचारीले जिम्मेवार ढङ्गले कार्यसम्पादन गर्नुपर्छ भने ।

'ऊर्जा, जलस्रोत र सिँचाइ क्षेत्रको अधिकतम सदुपयोग गरेर मुलुकले राखेको आर्थिक विकासको लक्ष्य प्राप्ति पूरा गर्न सकिन्छ, यसका लागि कार्यक्षेत्रमा खटिने कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ', उनले भने । मन्त्री खड्काले मन्त्रालयभित्र एक ठाउँबाट अर्को ठाउँमा सरुवा हुने प्रक्रिया स्वभाविक भएकाले आफ्नो दायित्व निर्वाह गर्नेगरी नतिजामुखी काम गर्नुपर्ने बताए । उनले भने, 'जनतामा छाएको निराशालाई चिर्न जरुरी छ ।'

उनले विगतमा भएका पूर्वाधार निर्माणलाई पूरा गर्ने काममा जुट्नुपर्ने बेला आएको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले राष्ट्रिय गौरवका आयोजनालाई समयमै सम्पन्न गर्नेगरी कर्मचारीले काम गर्नुपर्ने बताए । उनले आयोजनाको टेण्डर प्रक्रियालाई चाँडो टुङ्ग्याएर अगाडि बढे तोकेभन्दा चाँडो काम सम्पन्न हुने उल्लेख गरे ।

ऊर्जासचिव गोपालप्रसाद सिग्देलले विद्युत् उत्पादन हुनसक्ने सिँचाइका आयोजनालाई चाँडो निर्माण सम्पन्न गर्नतर्फ लाग्नुपर्ने बताए । उनले स्थानीय सरकार र प्रदेश सरकारबाट नदी दोहन हुने तर संरक्षण नहुँदा ठूलो विपद्का घटना घटेको बताए । जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले बजेटको सुनिश्चितता भएमा समयमा नै आयोजना सम्पन्न हुने बताए । उनले किसानको खेतमा पानी नपुगे लक्ष्य हासिल नहुने भएकाले लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्ने बताए । उनले राष्ट्रिय गौरवका आयोजनालाई आफ्नो प्रगति विवरण १५/१५ दिनमा बुझाउन निर्देशन दिए ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले उत्पादकत्व बढाउनका लागि राष्ट्रिय गौरवका आयोजनालाई तीव्र गतिमा सम्पन्न गर्नुपर्ने बताए । उनले आयोजना निर्माणमा देखिएका समस्या समाधानमा विभागले काम गर्ने उल्लेख गरे ।

# सुनचाँदी व्यवसायीका माग सम्बोधन गर्न सरकार तयार छ : *उद्योगमन्त्री*

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सुनचाँदी व्यवसायीका जायज माग सम्बोधन गर्न सरकार तयार रहेको बताएका छन् ।

नेपाल सुनचाँदी कला व्यवसायी सङ्घको वार्षिक साधारण सभा तथा रजत जयन्ती समारोहको उद्घाटन कार्यक्रममा मन्त्री भण्डारीले सुनचाँदी व्यवसायीको कोटा वृद्धिलगायत जायज माग सम्बोधन गर्न सरकार तयार रहेको बताए । 'सुनचाँदी व्यवसायीका समस्या के छन् ? छलफलमा आउनुहोस्, जायज माग सम्बोधन गर्न म सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्छु', उनले भने ।

राष्ट्र बैंकबाट सुनचाँदी खरिद गरेर उपभोक्तासम्म पुग्दा पाँचवटा माध्यम बीचमा रहेको मन्त्री भण्डारीले बताए । राष्ट्र बैंकबाट सिधै व्यवसायीले खरिद गरेर उपभोक्ता माझ पुग्नुपर्ने उनको धारणा थियो ।

उनले भने, 'उपभोक्तासम्म पुग्दा पाँच माध्यमका कारण झण्डै रु सात हजार महङ्गो पर्छ, यस्तो किन ?, सरकारले पहिला उपभोक्ता हर्ने हो त्यसपछि व्यवसायीलाई हेनुपर्छ ।' सुनचाँदी व्यवसायीका मागका बारेमा सरकारका तर्फबाट आफुले विभिन्न चरणमा छलफल गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले छिट्टै व्यवसायीसँग छलफल गरेर सरकारले गर्नुपर्ने आवश्यक पहलकदमी आफ्नो मन्त्रालयबाट गर्ने प्रतिबद्धता जनाए ।

# अण्डाको माग बढ्न थालेसँगै बढ्यो मूल्य

**चितवन–** भदौ लागेपछि अण्डाको माग बढेको छ । साउनमा व्रत बस्ने र चोखो खाने धार्मिक मान्यतालगायतका कारण अण्डा उपभोग घटेकोमा भदौ लागेसँगै माग बढेको व्यवसायीले बताएका छन् ।

दाउन्ने एग्रो फार्म लिमिटेडका कार्यकारी निर्देशक विनोद पोखरेलले भदौ लागेसँगै अण्डाको माग बढेको बताए । उनका अनुसार माग बढेसँगै फार्महरूले अण्डाको मूल्य बढाएका छन् । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उत्पादकले मात्रै मूल्य तय गर्न निर्देशन गरेपछि फार्महरूले आफैँ मूल्य निर्धारण गर्ने गरेका छन् ।



पोखरेलका अनुसार आजदेखि बिक्री मूल्य बढाइएको छ । दाउन्ने एग्रो फार्मले चितवनलाई आधार बनाएर एक्सल अण्डा प्रतिक्रेट (३० वटाको) रु पाँच सय पाँच तय गरेको छ । ठूलो अण्डा रु चार सय ९५ र मध्यम अण्डाको मूल्य रु चार सय २५ तोकिएको हो । हिमचुली पोल्ट्री फार्मका अध्यक्ष राजेन्द्र लामिछानेले आफ्नो फर्मले पनि अण्डाको मूल्य बढाएको बताए । उनले एक्सेल अण्डाको मूल्य प्रतिक्रेट रु पाँच, ठूलो र मध्यमको रु १० ले बढाइएको बताए । सबै फार्महरूले मूल्य बढाएको उनले जानकारी दिए । लामिछानेले भन्नुभयो 'मूल्य बढ्दा पनि लागत मूल्यमा पुग्न अझै सकिएको छैन ।'

अण्डा उत्पादक कृषकहरू नेपाल लेयर्स कुखुरा पालक सङ्घ गठन गरेर बजारीकरणमा जुटेका छन् । सङ्घका अध्यक्ष समेत रहनुभएका पोखरेलले ७५ प्रतिशत किसान विस्थापित भइसकेको उल्लेख गर्दै केही किसानहरू फेरि व्यवसायमा फर्किएको बताए । साउनमा बिक्री हुन बाँकी अण्डाहरू बिक्री भईसकेकाले अब केही सहज बन्ने पोखरेलको भनाई छ ।

खिलुङ काली पोल्ट्री फार्मका सञ्चालक भेषराज अर्यालले भदौ लागेसँगै व्रतहरू सकिएको, पहाडी क्षेत्रका केही भागका सडकमा केही सुधार आएको, चाडपर्व सुरु भएको, विद्यालय, क्याम्पस सञ्चालनमा आएका, पर्यटकको आगमन बढेकाले अण्डाको माग बढेको बताए । उद्योग सङ्घ चितवनका पूर्वअध्यक्ष पोल्ट्री व्यवसायी त्रिलोचन कँडेलले माग बढेको तर उत्पादन घटेको बताए । झण्डै दुई महिना अघि २५ देखि २६ लाख दैनिक अण्डा उत्पादन हुँदै आएकोमा अहिले घटेर २३ देखि २४ लाखमा झरेको उनले जानकारी दिए । केही महिनाअघि विज्ञहरूले अण्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ कायम गरेका थिए । *रासस*

साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं, नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ